काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक शनिबार

वर्ष १८, अंक ९९, पृष्ठ ८, शनिबार-आइतबार ३०-३१ साउन २०८३, श्रावण शुक्लपक्ष तृतीया-चतुर्थी, Saturday-Sunday, 15-16 August, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-




**अक्षर**

कहिलेकाहीं मनमा अनेक रङका सामान्य तरङ्ग आइपुग्छन्- हामीले कपालको रङ किन कालो मन पराउँछौं ? कालो रङको अंगुर झनै गुलियो किन हुन्छ ?



**अक्षर**

श्रावण केवल प्रकृतिको शृंगार होइन, यो जीवनलाई फेरि उठ्न, अघि बढ्न र हरियाली बनाउन सकिन्छ भन्ने विश्वासको नाम हो ।



**खेल**

१४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको शीर्ष आठ वरीयतातर्फ सेमिफाइनल समीकरण पूरा भएको छ ।


# कांग्रेसमा नेता फेरिए, रोकिएन विग्रह

## आठ दशकमा पनि जुट-फुटको चक्र उस्तै

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २९*

बिपी कोइरालाले २००३ असोज १८ गते सार्वजनिक आह्वान गरेसँगै गठन प्रक्रिया सुरु भएको नेपाली कांग्रेसले आठ दशक पार गरेको छ। आठ दशकमा कांग्रेसमा धेरै नेता आए, गए तर पार्टीभित्रको फुट, जुट र फेरि फुटको चक्र भने जारी छ, रोकिन सकेको छैन। अहिले पनि कांग्रेस त्यही क्रममा छ।

भारतमा बेलायतको औपनिवेशिक शासन समाप्त हुने जनाउसँगै नेपालमा राणाशासन अन्त्यका लागि बिपीसहितका नेताहरूले कांग्रेस गठन प्रक्रिया थालेका हुन्। त्यसका लागि २००६ चैत १४ गते नेपाली प्रजातन्त्र कांग्रेस (नेप्रका) र नेपाली राष्ट्रिय कांग्रेस (नेराका)

> स्थापनाको आठ दशकमा कांग्रेसले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको अगुवाइ गरे पनि आन्तरिक किचलो र कहलबाट भने ऊ कहिल्यै मुक्त हुन सकेन। कांग्रेसभित्रको व्यक्तिगत टकरावले मुलुकको आर्थिक विकास मात्र होइन, शासन व्यवस्था पनि पटकपटक संकटमा परेको छ। अहिले मुलुकको राजनीति तरल अवस्थामा छ। यस्तो बेला कांग्रेसमा एकता हुनुपर्नेमा विग्रहका डोबहरू खनिँदै छन्।

कोइराला समूहका अध्यक्षले दुई पार्टीबिच एकीकरणको आवश्यता औंल्याए। त्यसकै जगमा २००६ चैत २७ गतेदेखि कोलकातामा भएको दुवै पक्षको सम्मेलनबाट नेपाली कांग्रेस स्थापना भएको हो।

स्थापनाको आठ दशकमा कांग्रेसले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनको अगुवाइ गरे पनि आन्तरिक किचलो र कहलबाट भने ऊ कहिल्यै मुक्त हुन सकेन। कांग्रेसको आन्तरिक कलह र व्यक्तिगत टकरावले मुलुकको आर्थिक विकास मात्र होइन, शासन प्रणाली पनि पटकपटक संकटमा परेको छ। कांग्रेसका जिम्मेवार नेताहरू शक्ति र स्वार्थको पछि लाग्दा वर्षौंसम्म लोकतान्त्रिक व्यवस्था संकटमा परेको विगत छ। विगतलाई पाठका रूपमा ग्रहण गर्दै अघि बढ्नुको साटो अहिले पनि कांग्रेस विवाद र विभाजनको चक्रमा छ। एकले अर्काको उछित्तो काढेर मपाईंत्व देखाउन कांग्रेस नेताहरू सक्रिय छन्। मुलुकको राजनीति तरल अवस्थामा रहेका बेला कांग्रेसमा एकता देखिनुपर्नेमा विग्रहका डोबहरू खनिँदै छन्।

गत भदौ २३ र २४ को जेनजी विद्रोहसँगै मुलुकको राजनीतिमा आएको बदलावलाई स्वीकार गर्दै अघि बढ्नुपर्ने कांग्रेस नेताहरू एकअर्काविरुद्ध खनिन पुगेका छन्। रानु हराएको मौरीजस्तो बनेका कांग्रेसका नेताहरू पुस अन्तिम साता भएको विशेष महाधिवेशनपछि त्यसको पक्ष र विपक्षमा विभाजित छन्। विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले मान्यता दिएपछि तत्कालीन संस्थापन (शेरबहादुर देउवा) पक्ष नयाँ दल गठनको गृहकार्यमा जुटेको थियो। त्यसकै लागि उनीहरूले राष्ट्रिय भेला आयोजना गरेका हुन्। यसबिचमा देउवा पक्षले विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वलाई मान्यता दिने फैसला पुनरवलोकन माग गर्दै दिएको सर्वोच्चमा दिएको निवेदनमा निस्सा मिलेको छ। पुनरवलोकन निस्सासँगै नयाँ दल गठन गृहकार्य तत्काललाई रोकिएको छ। भेला भने शुक्रबारदेखि सुरु भएको छ। विशेष महाधिवेशनबाट नेतृत्वमा पुगेको पक्ष पनि त्यतिबेला नयाँ दल गठनको गृहकार्यसहति अघि बढेको थियो।

कांग्रेस कार्यसमिति वैधता विवादमा सर्वोच्च अदालतको अन्तिम आदेश आएपछि पनि नयाँ कांग्रेस गठनको सम्भावना अझै नटरेको नेताहरूको दाबी छ। आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट पुनरवलोकनको निस्सा पाएपछि तत्कालीन संस्थापन पक्ष केही उत्साहित देखिएको छ भने विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्व दबाबमा देखिन्छ। पाँच महिना विदेशमा रहेका देउवा बिहीबार स्वदेश फर्केसँगै शुक्रबारको भेलामा सहभागी भएका छन्। यसबाट विशेष महाधिवेशनबाट किनारामा परेको पक्षमा उत्साह थपिएको छ।

बाँकी पृष्ठ २

## ‘एकताका लागि राष्ट्रिय भेला’



नेपाली कांग्रेस इतर पक्षको शुक्रबार काठमाडौंमा सुरु राष्ट्रिय भेलामा शीर्ष नेताहरू। *तस्बिर : द्वारिका काफ्ले/नागरिक*

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २९*

नेपाली कांग्रेसको इतर पक्षले पार्टीको बृहत् एकतमा जोड दिएको छ। काठमाडौंमा शुक्रबारदेखि सुरु भएको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै कांग्रेस इतर पक्षका शीर्ष नेताहरूले गत पुसको विशेष महाधिवेशन विधि, विधानविपरीत भएको जिकिर गरे। उनीहरूले विशेष महाधिवेशनलाई अस्वीकार गर्दै १४औं महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई लिएर अघि बढ्नुपर्नेमा जोड दिए।

पाँच महिना लामो विदेश बसाइपछि बिहीबार काठमाडौं आएका कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले भेलामा पार्टीको आधिकारिकता विवादमा सर्वोच्च अदालतबाट न्याय पाउनेमा आफू विश्वस्त रहेको बताए। लामो इतिहास बोकेको कांग्रेसभित्र चरम विवाद बढेको बताउँदै देउवाले विशेष महाधिवेशनका नाममा पार्टीलाई कमजोर बनाउने गरी विधि, विधान र पद्धति मिच्ने काम भएको जिकिर गरे। ‘यो विषय सर्वोच्च अदालतबाट पुनरवलोकनको अवस्थामा रहेकाले थप टिप्पणी गर्न चाहन्नँ,’ देउवाले भने, ‘तर सर्वोच्च अदालतबाट हामीलाई न्याय हुने कुरामा म पूर्ण विश्वस्त छु।’

प्रजातन्त्रको खिलापमा आफू जान नसक्ने दोहोऱ्याउँदै देउवाले भने, ‘पूर्वराजा ज्ञानेन्द्रका धेरै कुरा आएका छन्। मैले भनेकै हो, सरकार हुकुम मान्न तयार छ। मैले प्रजातन्त्रको खिलाममा जान सक्दिनँ भनेकै हो। त्यसपछि मलाई जेल हालियो।’ गणतन्त्र ल्याउनेमा राजाको ठुलो हात रहेको पनि देउवाले बताए।

बाँकी पृष्ठ २

# अस्पतालमा सेवाग्राहीको भिड

## गुणस्तरीय सेवामा चुनौती

**पवित्रा सुनार**

*काठमाडौं, साउन २९*

काठमाडौं महानगरपालिका-२७ को टेबहालमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र अर्थात् प्रथम बिन्दु अस्पताल सञ्चालनमा छ। अस्पतालले उच्च रक्तचाप, मधुमेहदेखि ९८ प्रकारका औषधि वितरण गर्नुका साथै ल्याब परीक्षण, फिजियोथेरापी र अन्य सेवा प्रदान गर्दै आएको छ। तर घना बस्ती रहेको यस वडाको तुलनामा अस्पतालमा सेवा लिन आउनेको संख्या भने अत्यन्त न्यून छ। केन्द्रमा स्वास्थ्य बिमा लागु भएपछि चिकित्सकहरू बिरामी जाँच्नभन्दा पनि रेफर गर्ने काममै व्यस्त हुनुपर्ने अवस्था आएको छ।

अस्पतालकी सूचना अधिकारी मनीषा श्रेष्ठका अनुसार पछिल्लो समय वीर अस्पतालमा उपचारका लागि जाने बिरामीलाई सिधै रेफर गर्नमै समय बित्ने गरेको छ। दैनिक आउने बिरामीमध्ये करिब ६० प्रतिशत स्वास्थ्य बिमाको रेफरल लिन मात्र आउने गरेको उनले बताइन्। ‘सेवाग्राहीले स्वास्थ्य परीक्षण नगरी सिधै रेफर माग्नुहुन्छ,’ उनले भनिन्। यसअघि उक्त केन्द्रमा दैनिक ४०-५० जना बिरामी आउने गरेका थिए। नियमित सेवा लिन आउनेमा उच्च रक्तचाप र मधुमेहका बिरामी बढी छन्।

आधारभूत स्वास्थ्य सेवाअन्तर्गत अस्पतालमा एक्सरे, भिडियो एक्सरे, ल्याब, फार्मेसी र २४ घण्टा आकस्मिक सेवा हुनुपर्ने तथा आवश्यकताअनुसार ५ देखि १५ शय्यासम्मको अन्तरंग सेवा पनि सञ्चालन गर्न सकिने व्यवस्था छ। तर टेबहालको उक्त केन्द्रमा भने एक्सरे सेवा सञ्चालनमा आएको छैन। जनशक्ति अभावका कारण एक्सरे सेवा सञ्चालन गर्न नसकिएको केन्द्रले जनाएको छ।

अस्पतालका मेडिकल अफिसर डा. सुरेन्द्र बुढाथोकीका अनुसार स्थानीयलाई सेवाबारे पर्याप्त जानकारी नहुनु, अस्पताल भित्री ठाउँमा भएकाले सजिलै देख्न नसक्नु र महँगा परीक्षण सेवा उपलब्ध नहुनुका साथै आधारभूत स्वास्थ्य सेवाप्रति जनमानसमा विश्वास जगाउन नसक्नुले पर्याप्त सेवाग्राही नआएको देखिन्छ। ‘मुख्य कुरा नागरिकलाई आधारभूत स्वास्थ्य सेवाबारे धेरै जानकारी छैन, धेरैलाई विश्वास पनि छैन,’ उनले भने। महानगरले सेवाबारे जानकारी गराए पनि सबै नागरिकसम्म सूचना पुग्न नसकेको सूचना अधिकारी श्रेष्ठ बताउँछिन्।

महानगरकै वडा नम्बर १५ को सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको अवस्था पनि उस्तै छ। धेरै जनसंख्या भएको वडा भए पनि धेरै वडावासी उक्त केन्द्रमा सेवा लिन पुग्दैनन्। केन्द्रका मेडिकल अफिसर डा. सविश शाहीका अनुसार दैनिक औसत १५-२० जना बहिरंग सेवा लिन आउँछन्। बिरामीले खोजेजति सबै सेवा उपलब्ध नहुनु र धेरैलाई सेवाबारे जानकारी नहुनुले पनि सेवाग्राहीको संख्या कम रहेको डा. शाहीको बुझाइ छ। अस्पतालले दिने सेवाको समय र लक्षित सेवाग्राहीको समय नमिल्दा पनि समस्या भएको उनले बताए।

‘यहाँ आउनुपर्ने नागरिक दिनभरि अफिसको काममा व्यस्त हुन्छन्, हाम्रो सेवा पनि त्यही समयमा खुल्छ। उनीहरू आउन पाउँदैनन्,’ उनले भने। यो केन्द्रमा आधारभूत सेवाअन्तर्गत हुनुपर्ने एक्सरे तथा महँगा परीक्षणहरू पनि उपलब्ध छैनन्। सेवाबारे धेरै स्थानीयलाई जानकारी नहुँदा पनि सेवा लिन नआउने गरेको डा. शाहीले बताए। ‘विपन्न नागरिक मात्र आउँछन्,’ उनले भने, ‘मजदुर पनि दिनभरि व्यस्त भएपछि साँझ क्लिनिक जान्छन्।’

यी दुई आधारभूत अस्पतालबाहेक काठमाडौं महानगरपालिकाद्वारा सञ्चालित अधिकांश सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको अवस्था उस्तै छ। महानगरले २७ वटै वडामा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरेको छ। तीमध्ये १० वटा केन्द्रमा स्वास्थ्य बिमा कार्यक्रमसमेत लागु गरेको छ तर धेरै केन्द्रमा भिडियो एक्सरे तथा थप परीक्षणको व्यवस्था छैन। काठमाडौं महानगरमा अस्थायी र स्थायी गरी करिब ३० लाख मानिस बसोबास गर्ने अनुमान छ।

सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा गत वर्ष दुई लाख ८० हजार जनाले सेवा लिएको महानगरको स्वास्थ्य विभागका इन्चार्ज दीपक केसी बताउँछन् तर जनसंख्याको तुलनामा सेवा लिनेको संख्या न्यून रहेको उनी स्विकार्छन्।

बाँकी पृष्ठ २

# एसिया कपको ढोका खोल्ने लक्ष्य

## नयाँ कप्तान, नयाँ आशा



**अनिल मल्ल ठकुरी**

*काठमाडौं, साउन २९*

नयाँ कप्तान सन्दीप लामिछानेको नेतृत्वमा च्याम्पियन बन्ने लक्ष्यसहित नेपाली क्रिकेट टोली एसिसी प्रिमियर कपका लागि होमिँदै छ। आगामी अगस्ट ३० तारिखदेखि सेप्टेम्बर १२ तारिखसम्म मलेसियामा हुने एसिसी प्रिमियर कपका नेपालसहित १० राष्ट्रले एसिया कप खेल्ने लक्ष्यसहित चुनौती प्रस्तुत गर्दै छन्। यो प्रतियोगिता विश्वकै बलिया राष्ट्रले खेल्ने एसिया कपको ढोकासँगै आइसिसी विश्वकप लिग-२ मा नेपालको अन्तिम चार खेलका लागि तयार हुने माध्यम पनि बन्ने आशा छ।

लिग-२ को अन्तिम शृंखलाले नेपालको एक दिवसीय मान्यता पनि जोगाउन सक्छ। त्यसअघि एक दिवसीय फरम्याटको एसिसी प्रिमियर कप राम्रो माध्यम बन्न सक्छ। प्रिमियर कपको विजेताले आगामी एसिया कपमा खेल्ने पाउने प्रावधान छ। एसियाभित्रका आइसिसीको पाँच वटा पूर्ण सदस्य र प्रिमियर कप विजेतासहित ६ राष्ट्रले बंगलादेशमा सन् २०२७ मा हुने एसिया कप खेल्ने छन्।

गत संस्करण टी ट्वान्टी फरम्याटमा भएको एसिया कपमा नेपाल छनोट हुन असफल भएको थियो। रोहितकुमार पौडेलको कप्तानीमा रहेको नेपाली टोली तेस्रो स्थानका लागि भएको खेलमा हङकङसँग पराजित हुँदा एसिया कप खेल्नबाट वञ्चित भएको थियो। नेपाल क्रिकेट संघ (क्यान) ले गत साता मात्र रोहितको स्थानमा सन्दीपलाई एक दिवसीय फरम्याटको कप्तान जिम्मेवारी दिएको थियो। यो जिम्मेवारीमा दोहोरिएका सन्दीपका लागि यो पहिलो चुनौती पनि हुने छ। किनकि उनको कप्तानीमा झन्डै नेपालले झन्डै चार वर्षपछि खेल्दै छ। सन्दीपको कप्तानीमा नेपालले पछिल्लो पल्ट केन्या भ्रमणमा केन्यासँग अन्तर्राष्ट्रिय टी ट्वान्टी खेलेको थियो।

सोही शृंखलापछि एक किशोरीमाथि बलात्कार आरोपका कारण उनको जिम्मेवारी खोसिएको थियो । कारबाहीपछि कप्तानी जिम्मेवारी खोसिएका सन्दीपले फेरि नेतृत्व समाल्ने अवसर पाए। एक दिवसीय फरम्याटकै आइसिसी विश्वकप लिग-२ मा लगातार खराब प्रदर्शनपछि सन्दीप यो जिम्मेवारीमा आएका छन्। त्यसैले सन्दीपका लागि प्रिमियर लिग चुनौतीसँगै अवसर पनि बन्ने छ। उनी यो प्रतियोगितामा सफल भए समस्यामा रहेको नेपाली क्रिकेट टोलीका लागि पनि उद्धार हुने छ। यद्यपि सन्दीपले रातारात सबै पक्षमा सुधार नआउने स्पष्ट पारेका छन्। ‘होममा हामीले राम्रै खेलेका छौं तर अवेमा राम्रो हुने सकेको छैन। अवेमा पनि सन्तुलित राख्न होमजस्तै गरी मानसिकता आवश्यक पर्छ। सुधारका लागि आवश्यक योजना र रणनीतिमा हामी सबै तयारी हुनुपर्छ,’ उनले भने। उनले अवेका खेलका लागि अभ्यास आवश्यक पर्ने पनि औंल्याए। त्यसैले पनि प्रिमियर लिगअगाडि नेपाली टोली भारतको बैंग्लोर सहरमा अभ्यास गर्दै छ।

बाँकी पृष्ठ ५

# न्यायाधीशहरूको तलब कति ?

**भुवन शर्मा**

*काठमाडौं, साउन २९*

सरकारले सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीश जिल्ला अदालतका न्यायाधीश तथा महान्यायाधिवक्ताको तलबभत्ता यही साउन १ गतेदेखि लागु हुने गरी बढाएको छ। जसअनुसार प्रधानन्यायाधीशको तलब १ लाख १२ हजार ५२२ रुपैयाँ र जिल्ला न्यायाधीशको तलब ७७ हजार ११० रुपैयाँ तोकिएको छ।

सरकारले बजेटमार्फत साउन १ गतेदेखि लागु हुने गरी निजामती कर्मचारी, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, शिक्षक, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीको तलबभत्ता २१ प्रतिशतसम्म वृद्धि गरेको छ। यसैगरी सरकारले साउन १ गतेदेखि लागु हुने गरी प्रधानन्यायाधीश, न्यायाधीश र न्यायक्षेत्रमा कार्यरत कर्मचारीको पनि तलबभत्ता बढाएको हो।

सरकारले प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी ऐनको अनुसूची १ हेरफेर गरी २०८३ साउन १ गतेदेखि लागु हुने गरी प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशको तलबमान तोकिएको जनाएको छ। सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशको तलबसम्बन्धी सूची राजपत्रमा समेत प्रकाशित भइसकेको छ। जसमा साउन १ गतेदेखि सर्वोच्च अदालतका न्यायाधीशको तलब ९३ हजार ५४७ तोकिएको छ।

> सरकारले साउन १ गतेदेखि लागु हुने गरी प्रधानन्यायाधीश, न्यायाधीश र न्याय क्षेत्रमा कार्यरत कर्मचारीको तलबभत्ता बढाएको हो।

यसैगरी सरकारले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी ऐनको अनुसूची १ हेरफेर गरी २०८३ साउन १ गतेदेखि लागु हुने गरी तलबमान तोकेको छ।

जसमा उच्च अदालतका मुख्य न्यायाधीशको तलब ९० हजार ६४० र न्यायाधीशको तलब ८४ हजार ५९० तोकिएको छ। त्यस्तै जिल्ला अदालतका न्यायाधीशको तलबमान ७७ हजार ११० रुपैयाँ तोकिएको छ। राजपत्रमा प्रकाशित सूचनाअनुसार महान्यायाधिवक्ताको तलब ९३ हजार ५४७ निर्धारण गरिएको छ।

# कांग्रेसमा नेता फेरिए, रोकिएन विग्रह

पृष्ठ १ बाट

तर कांग्रेसका शुभेच्छुकहरूमा भने विवाद र विभाजनको चिन्ता थपिएको छ।

हुन त स्थापनाको छोटो समयमै २००९ सालमा पहिलो पटक कांग्रेस विभाजित हुन पुगेको थियो। २००७ सालमा प्रजातन्त्र स्थापनापछि २००९ सालमा मातृकाप्रसाद कोइराला र बिपीबिच सरकारलाई लिएर विवाद भएको थियो। त्यसलाई लिएर नै कांग्रेस विभाजित हुन पुगेको थियो। २००८ साल मंसिर १ गते कांग्रेस नेतृत्वमा एकमना सरकार गठन हुन पुग्यो तर मातृकाप्रसाद र बिपीबिचको विवाद बढ्दै जाँदा २००८ फागुन १८ गते कांग्रेस महाधिवेशन स्थगित हुन पुग्यो।

सभापति पदका लागि उम्मेदवारी दिएका मातृकाप्रसाद सरकारलाई सहयोग गर्ने सर्तमा बिपीलाई सभापतिमा सहयोग गर्न तयार भए। २००८ चैत २८ गते मात्रकाले उम्मेदवारी फिर्ता लिएपछि २००९ जेठ १९ गते बिपी सभापति छानिए। त्यसको केही दिन बित्न नपाउँदै भद्रकाली मिश्रसहितका नेतालाई सरकार र पार्टीबाट हटाउने निर्णय भयो। २००९ जेठ २१ गते नेपाली कांग्रेसबाट अलग भएर नेपाली राष्ट्रिय कांग्रेस शाह (महेन्द्रविक्रम शाह) गठन भयो।

कांग्रेसबाट सरकारमा गएका मातृका, महेन्द्रविक्रम शाह, नारदमुनि थुलुंग र महावीर शमशेरलाई ४८ घण्टाभित्र सरकारबाट राजीनामा दिन पार्टीले आग्रह गऱ्यो। उनीहरूले पार्टीका आग्रहलाई अस्वीकार गरेपछि साउन ९ मा बसेको कांग्रेस पार्लियामेन्टरी बोर्ड बैठकले सरकारको औचित्य समाप्त भएको भन्दै ४८ घण्टाभित्र राजीनामा नदिए कांग्रेससँगको सम्बन्ध नरहने निर्णय गऱ्यो। १२ गते सूर्यप्रसाद उपाध्याय, सुवर्णशमशेर राणा र गणेशमान सिंहले मन्त्रीबाट राजीनामा दिए। साउन २२ गते मातृकासहित तीनजनालाई साधारण सदस्यतासमेत नरहने गरी पार्टीबाट निष्कासन गर्ने निर्णय भएको गृष्मबहादुर देवकोटाद्वारा लिखित नेपालको राजनीतिक दर्पणमा उल्लेख छ।

२०१० वैशाख १६ गते मातृकाले राष्ट्रिय प्रजा पार्टी (राप्रपा) गठन गरेको पाइन्छ। सोही गुटबाट २०१२ साल भदौमा दयानिधि शर्माहरू अलग भए। त्यसैबेला नेका र नेका वामपन्थीबिच एकता गर्न २०१० साउन १३ गते बिपी र बालचन्द्र शर्माले हस्ताक्षर गरे पनि एकता हुन सकेन। त्यो समयमा बेदानन्द झाको नेतृत्वमा नेपाली तराई कांग्रेस पनि सक्रिय थियो।

२०१० भदौ २ मा राष्ट्रिय प्रजा पार्टी र नेका वामपन्थीबिच एकता भयो। २०१२ सालमा राष्ट्रिय प्रजा पार्टी बिनासर्त कांग्रेसमा समाहित भएको राजनीतिक दर्पणमा उल्लेख छ। सोही साल वीरगन्जमा भएको कांग्रेस महाधिवेशनबाट सुवर्णशमशेर राणा सभापति भए। २०१५ सालमा भएको पहिलो आमनिर्वाचनमा कांग्रेसले दुईतिहाइ बहुमत ल्यायो। सरकारको नेतृत्व गर्ने विषयमा बिपी र सुवर्णशमशेरबीच विवाद भयो। अन्ततः बिपी प्रधानमन्त्री बने। तर बिपी नेतृत्वको सरकारलाई तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते अपदस्थ गरे। बिपी, गणेमान, कृष्णप्रसाद भट्टराईसहितका नेतालाई राजाले लामो समय जेलमा राखे। तर बिपीले विश्वास गरेका तुलसी गिरी, विश्वबन्धु थापा, परशुनाराण चौधरीसहितका नेता राजाको सहयोगी बने। राजालाई अप्रजातान्त्रिक कदम चाल्न कांग्रेसभित्रको आन्तरिक विवादसँगै मातृका, सूर्यप्रसाद उपाध्याया, गिरीसहितका नेताले उक्साएका थिए।

आठ वर्ष लामो जेल जीवनपछि बिपीसहितका नेता छुटे। राजनीतिक दलमाथि प्रतिबन्ध लगाइएकाले नेताहरू भारतमा गएर बस्न थाले। कांग्रेसले मुलुकमा प्रजातन्त्र स्थापनाका लागि शान्तिपूर्ण मात्र होइन, सशस्त्र आन्दोलनको पनि सहारा लियो। २०३३ साल पुस १६ गते बिपीसहितका नेताहरू भारत निर्वासनबाट मेलमिलापको नीति लिएर स्वदेश आए। स्वदेश फर्कने क्रममा नेपालमै बसेका भट्टराईलाई पार्टीको कार्यवाहक सभापति दिने सहमति नेताहरूबिच भएको पाइन्छ।

२०३४ सालदेखि भट्टराई कांग्रेसको कार्यवाहक सभापति बने। मेलमेलाप नीतिअन्तर्गत बिपीसहितका नेताहरू स्वदेश फर्कंदा निर्माण हुँदै गएको वातावरणले २०३६ सालमा बहुदल र सुधारिएको पञ्चायतमध्ये एक रोज्न जनमतसंग्रह भयो। राजा र भारतलाई समेत विश्वासमा लिन बिपीले पर्शुनारायण चौधरीलाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने प्रस्ताव खुला मञ्चबाटै राखे।

पार्टी महामन्त्रीको जिम्मेवारीमा रहेका चौधरी दरबारको विश्वास पात्र थिए। जनमतसंग्रहको परिणाम बहुदलको विपक्षमा आए पनि बिपीले स्विकारे। घाँटीको क्यान्सरबाट पीडित बिपीको २०३९ साउन ६ गते निधन भयो। त्यसले कांग्रेसभित्र अन्योल बढायो। तर भट्टराई, गणेशमान र गिरिजाप्रसाद कोइरालाले पार्टीलाई सम्हाल्दै अघि बढे। पञ्चायतविरुद्धको आन्दोलन अझ कठिन हुने भएपछि कांग्रेस नेताहरू विस्तारै दरबार पस्न थाले। नेताहरूलाई पञ्चायत प्रवेश गर्नबाट रोक्न भट्टराईसहितका नेताहरूले अहिलेका कतिपय नेतालाई अध्ययनका लागि विदेश पठाएको निकटहरू बताउँछन्।

२०४६ माघ ५ देखि ७ गतेसम्म काठमाडौंमा सम्पन्न कांग्रेस भेलाले वामपन्थीसँग सहकार्य गरेर मुलुकमा प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलन गर्ने निर्णय गऱ्यो। गणेशमानको अगुवाइमा भएको शान्तिपूर्ण आन्दोलनबाट प्रजातन्त्र पुनर्स्थापना भयो। कांग्रेसका कार्यवाहक सभापति भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। सरकारले तोकिएको समयसीमाभित्र नयाँ संविधान जारी गर्दै आमनिर्वाचन गरायो। कांग्रेसको नेतृत्वमा बहुमतको सरकार बन्यो। गिरिजाप्रसाद प्रधानमन्त्री बने।

३० वर्षपछि २०४८ सालमा कलबलगुडीमा कांग्रेसको आठौं महाधिवेशन भयो। भट्टराई सभापतिमा निर्वाचित भए। पार्टीका नेताहरूबिच फेरि मनमुटाव बढ्यो। गिरिजाप्रसाद नेतृत्वको बहुमतको सरकार ढल्यो। पार्टी विभाजनको संघारमा पुग्यो। कोइराला पक्षले पार्टी विभाजनको तयारीसहित भेला आयोजना गऱ्यो। सोही भेलामा सहभागी भएर भट्टराईले आफ्नो नेता पनि गिरिजाप्रसाद भएको भन्दै पार्टी फुट्नबाट जोगाएको नेताहरू बताउँछन्।

२०५३ सालमा कांग्रेसको नवौं महाधिवेशन काठमाडौंमा भयो। गिरिजाप्रसाद सभापतिमा निर्वाचित भए। सन्त नेताका रूपमा पनि चिनिने भट्टराईलाई प्रधानमन्त्रीका रूपमा अघि सार्दै २०५६ सालको आमनिर्वाचनमा गएको कांग्रेसले फेरि बहुमत पायो। पूर्वसहमतिअनुसार भट्टाराईलाई प्रधानमन्त्री बनाइयो तर वर्षदिन नपुग्दै उनलाई हटाएर गिरिजाप्रसाद प्रधानमन्त्री बने। २०५७ सालमा पोखरामा भएको दसौं महाधिवेशनबाट पनि उनै गिरिजाप्रसाद सभापतिमा दोहोरिए। दरबार हत्याकाण्डपछि बनेका नयाँ राजा ज्ञानेन्द्रको असहयोग र पार्टीभित्रको विवादका कारण गिरिजाप्रसादले प्रधानमन्त्रीबाट राजीनामा दिए। त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बने। माओवादीविरुद्ध संकटकाल लगाउने कि नलगाउने भन्ने पार्टीभित्रको विवादमा देउवाले २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरी मध्यावाधि निर्वाचन घोषणा गरे। तोकिएको मितिमा निर्वाचन हुन नसक्दा राजाले उनै देउवालाई २०५९ असोज १८ गते अक्षम घोषणा गरी सत्ता हातमा लिए। राजनीतिक दलहरू आन्दोलनमा उत्रिए। राजाको प्रत्यक्ष शासन अघि बढ्यो। २०६२ भदौमा भएको नेपाली कांग्रेसको महाधिवेशनबाट गिरिजाप्रसाद तेस्रो कार्यकालका लागि सभापति निर्वाचित भए। नेपाली कांग्रेसबाट अलग भएर बनेको नेपाली कांग्रेस प्रजातान्त्रिकको सभापति देउवा बने।

गिरिजाप्रसाद नेतृत्वको कांग्रेसले राजाविरुद्ध आन्दोलन अघि बढाउँदै हिंसाको बाटो रोजेको माओवादीसँग वार्ता थाल्यो। दिल्लीमा भएको १२ बुँदे सहमतिको जगमा राजाको प्रत्यक्ष शासन अन्त्य गर्दै माओवादीलाई शान्तिपूर्ण आन्दोलनमा फर्काउन कांग्रेस सफल भयो। २०६४ असोजमा भएको दुई पार्टीको महासमिति बैठकबाट कांग्रेस फेरि एक बन्यो। २०६४ चैतमा निर्वाचनबाट गठित संविधानसभाले संविधान जारी गर्न नसकेपछि २०७० साल मंसिरमा दोस्रो संविधानसभा निर्वाचन भयो। कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वमा सरकार बन्यो। सोही सरकारका पालामा २०७२ असोज ३ गते संविधानसभाबाट नयाँ संविधान जारी भयो। २०७२ फागुनमा भएको महाधिवेशनबाट देउवा सभापतिमा निर्वाचित भए। उनको नेतृत्वको सरकारले संविधान कार्यान्वयनको कामलाई अघि बढायो।

देउवा नेतृत्वको सरकारले नयाँ संविधानअनुसार २०७४ सालमा संघीय प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन भयो। निर्वाचनपछि बनेका सरकारले आशा र अपेक्षा अनुसार काम नगर्दा जनतामा निरासा बढ्दै गयो। त्यसैको परिणामा २०८२ भदौ २३ र २४ गते जेनजी विद्रोह भयो। यो विद्रोहले मुलुकको राजनीतिक दिशा नै परिवर्तन गरिदियो। जेनजी विद्रोहसँगै बढेको कांग्रेस विवाद अहिले विभाजन र विखण्डनको डिलमा पुगेको छ। विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्व पाका नेताहरूलाई समेटेर अघि बढ्न तयार देखिएको छैन भने पाका नेताहरू पनि विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई मान्न तयार छैनन्। यसैकारण कांग्रेसभित्रको संकट गहिरिँदै विभाजन उन्मुख छ।


## धितो लिलामी गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/३० गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **दाङ** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८२/०९/३० गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना, २०८३/०२/०६ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना र २०८३/०३/२३ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : विहानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : विजयश्वरी-५, रुकुम ।**
**हालको ठेगाना : चौरजहारी-२, रुकुम पशिचम ।** **दर्ता नं:-६८४/०६८-०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : धनमाया गर्बुजा पुनमगर(अध्यक्ष जमानीकर्ता)**<br>बाबु : लचिमान गर्बुजा पुनमगर<br>बाजे : हस्तबिर गर्बुजा पुनमगर<br>ना प्र नं. : ५११०४८/५६<br>ठेगाना : चौरजहारी-२, रुकुम पशिचम | **४) नाम : कृष्णा खड्का (सदस्य जमानीकर्ता)**<br>बाबु : कले खत्री<br>बाजे : दलबिर खत्री<br>ना.प्र.नं : ५६३०३१/७३१<br>ठेगाना : चौरजहारी-२, रुकुम पशिचम |
| **२) नाम : लक्ष्मि बुढाथोकी (पोखरेल) (सचिव जमानीकर्ता)**<br>बाबु : धनिराम बुढा<br>पति : कले बुढा<br>ना.प्र.नं : १६९(०२८)/२८८<br>ठेगाना : चौरजहारी-३, रुकुम पशिचम | **५) नाम : लक्ष्मि खत्री (सदस्य जमानीकर्ता)**<br>बाबु : खड्क बहादुर खत्री<br>बाजे : लक्षे खत्री<br>ना.प्र.नं : ५६-०१-७५-०४४४७<br>ठेगाना : चौरजहारी-२, रुकुम पशिचम |
| **३) नाम : सरिता के. सी. (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : बुद्धि बहादुर खत्री<br>बाजे : जगते खत्री<br>ना.प्र.नं : १५२६<br>ठेगाना : चौरजहारी-२, रुकुम पशिचम | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री हस्तबिर गर्बुजा पुनमगरको नातिनी श्री लचिमान गर्बुजा पुनमगरको छोरी रुकुम पशिचम जिल्ला चौरजाहारी नगरपालीका. वडा नं. २ बस्ने श्री **धनमाया गर्बंजा पुन मगर** को नाममा भूमि प्रशासन कार्यालय रुकुम पशिचममा दर्ता श्रेस्ता कायम रहेको रुकुम पशिचम जिल्ला बिजयश्वरी गा.वि.स. वडा नं. ५ को कित्ता नं. २५५ को क्षेत्रफल ६२१० वर्गमिटर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय **दाङ**बाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं. **००१०००१४८६६०००01** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै **दाङ** शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय दाङमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www. ncbl.coop


# 'एकताका लागि राष्ट्रिय भेला'

पृष्ठ १ बाट

विगतमा केही भएन भन्ने भाष्य निर्माण गर्दा अहिलेको अवस्था आएको बताउँदै उनले भने, 'निराशालाई आशामा बदल्नुपर्ने हुन्छ। त्यो दायित्व पनि सबैभन्दा पुरानो लोकतन्त्रवादी पार्टी नेपाली कांग्रेसले लिनुपर्छ।'

भेलामा नेता पूर्णबहादुर खड्काले मुलुकको राष्ट्रियताको रक्षा र लोकतान्त्रिक व्यवस्था जोगाउन कांग्रेसमा आन्तरिक एकता पहिलो सर्त भएको बताए। 'हामीले एकताबद्ध भएर छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई गम्भीरतापूर्वक अगाडि बढाउन सकेनौं भने देशले ठुलो मूल्य चुकाउनुपर्ने देखिन्छ,' उनले भने, 'बेलैमा सचेत भएनौं भने मुलुकले भयावह स्थितिको सामना गर्नुपर्ने हुन सक्छ।'

नेता डा. शेखर कोइरालाले पार्टी एकतामा जोड दिए। उनले पार्टी एक हुनेमा आफू विश्वस्त रहेको बताउँदै भने, 'नेपाली कांग्रेस अहिले विभाजित मनस्थितिबाट गुज्रिरहेको छ। मलाई विश्वास छ, नेपाली कांग्रेस एकढिक्का हुन्छ, यसमा म विश्वस्त छु। देशका निम्ति एकढिक्का हुन जरुरी छ।' पार्टीमा सधैं सबैलाई मिलाएर हिँड्नुपर्नेमा जोड दिँदै उनले भने, 'हामी कसैको निरंकुशता स्वीकार गर्दैनौं।'

पूर्वउपसभापति विमलेन्द्र निधिले देउवा नै कांग्रेसको सभापति भएको दाबी गरे। 'साथीहरूले याद गर्नुहोला। नेपाली कांग्रेसको आजको पनि सभापति शेरबहादुर देउवा नै हुनुहुन्छ, यो सन्देश लिएर जानुस्,' निधिले भने, 'अरू कोही होइन।'

पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले गगन थापाले विशेष महाधिवेशन गरेर ठुलो गल्ती गरेको टिप्पणी गरे। 'हाम्रा युवा भाइ हुन् गगन थापा,' सिटौलाले भने, 'विशेष महाधिवेशनलाई मान्यता दिनै सकिएको छैन। त्यो अवैधानिक छ, अराजक ढंगले गरिएको छ।'

नेता प्रकाशमान सिंहले विशेष महाधिवेशन विधि र विधानअनुसार नभएको जिकिर गरे। पार्टीको विधान र नियमावली मिचेर विशेष महाधिवेशन गरिएको भन्दै उनले भने, 'विधान र नियमावलीलाई मिचेर विशेष महाधिवेशन गरियो। हामीले विधानसम्मत भएर गरौंभन्दा मानिएन।'

पूर्वउपसभापति विजयकुमार गच्छदारले थापाले मुखले करुणाको कुरा गरे पनि व्यवहारमा त्यस्तो नदेखाएको टिप्पणी गरे। 'म दुविधामा छु। किनभने म पार्टी एकता चाहने मान्छे हुँ,' उनले भने, 'म कुनै गुटमा छैन।'

भेलाका संयोजक एवं कांग्रेस पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टी एकजुट बनाउन राष्ट्रिय भेला गर्नुपरेको बताए। शेरबहादुर देउवा नै आफूहरूको नेता भएको बताउँदै शशांकले उनकै नेतृत्वमा पार्टी एक भएर जानसक्ने दाबी गरे। कांग्रेसलाई एकजुट बनाउने कर्तव्य आफ्नो पनि भएको बताउँदै उनले भने, 'नेपाली कांग्रेस एकजुट भएको खण्डमा यसलाई कसैले पनि पराजय गर्न सक्दैन। यसको मुख्य उद्देश्य यही हो।' पार्टीका संस्थापकमध्येका एक बिपी कोइरालाका कान्छा छोरा शशांकले आफ्ना पिताले शेरबहादुर देउवालाई पश्चिमको राजकुमार भन्ने गरेको स्मरण गरे। आइतबारसम्म चल्ने भेलालाई कांग्रेसका विभिन्न तहका नेताहरूले सम्बोधन गरेका थिए।

यसैबिच कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले पार्टीभित्र युवा नेतृत्वलाई आत्मसात् गर्नुपर्नेमा जोड दिएका छन्। कार्यसम्पादन समितिको बैठकमा उपसभापति शर्माले परिवर्तन र युवा सहभागितालाई विधि र पद्धतिअनुसार अगाडि बढाउनुपर्नेमा जोड दिए। कांग्रेस अहिले विधि र प्रक्रियामार्फत परिवर्तनको अध्यायमा रहेको जनाउँदै शर्माले भने, '३६ वर्षको युवक देशको प्रधानमन्त्री भएको इतिहासलाई आत्मसात् गरेका छौं भने ५० वर्ष हाराहारीको युवाले पार्टीको नेतृत्व गर्ने कुरालाई पनि सहज रूपमा स्वीकार्नुपर्छ।'

केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समिति बैठकमा सुजाता कोइरालाले भने देउवालाई अभिभावकीय भूमिकामा बस्न आग्रह गरिन्। 'इतरपक्षका साथीहरूलाई अनुरोध गर्छु, अब अहंकार छाडेर सहभागी हुनुस्,' उनले भनिन्, 'शेरबहादुर देउवाजी अभिभावकको रोल प्ले गर्नुस्, पदका लागि नलडौं।' कोइराला परिवारबाट राजनीतिमा सक्रिय शेखर र शशांक भने देउवा पक्षको भेलामा छन्।

# अस्पतालमा सेवाग्राहीको भिड

पृष्ठ १ बाट

सेवाबारे जानकारी पाउने स्थानीय अझै न्यून रहेकाले यस वर्ष घरदैलो स्वास्थ्य सेवा अभियान नै सञ्चालन गरेर जानकारी दिन थालिएको केसीले बताए। सबै केन्द्रमा एमबिबिएस चिकित्सकबाट सेवा प्रदान गरिए पनि नगरवासी सकेसम्म ठुला अस्पताल नै जाने गरेकाले आधारभूत स्वास्थ्य सेवाप्रतिको विश्वास अझै कम रहेको उनको भनाइ छ। यस्तै अवस्था देशभरका धेरै आधारभूत अस्पतालमा रहेको जानकारहरू बताउँछन्।

विशिष्टीकृत अस्पतालमा बिरामीको भिड

वीर अस्पतालमा दैनिक औसत ३५ सय बिरामीले बहिरंग सेवा लिन्छन्। शिक्षण अस्पताल महाराजगन्ज र मनमोहन अस्पतालमा स्वास्थ्य बिमा सेवा बन्द भएपछि वीर अस्पतालमा दैनिक पाँच हजारसम्म बिरामी सेवा लिन आउने गरेका थिए। अन्तरंग सेवाका लागि नौ सय ६० शय्या सञ्चालनमा रहे पनि अस्पतालको स्वीकृत क्षमता भने सात सय ७५ रहेको छ। तीमध्ये आइसियु, इमर्जेन्सी, क्याबिन र हाई डिपेन्डेन्सी युनिट सञ्चालनमा छन्।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको बहिरंग विभागमा दैनिक औसत २५ सयदेखि तीन हजार बिरामी सेवा लिन आउँछन्। आकस्मिक कक्षमा पनि उत्तिकै चाप छ। यसअघि दैनिक करिब १८ सय बिरामी बहिरंग सेवा लिन आउने गरेका थिए। शिक्षण अस्पताल र वीर अस्पतालले अन्तरंग सेवामा स्वास्थ्य बिमा कार्यक्रम बन्द गरेपछि पाटनमा बिरामीको चाप बढेको हो। दुवै अस्पतालले बिमा सेवा बन्द गरे पनि पाटनले बिमा सेवा जारी राखेका कारण पनि बिरामीको चाप बढेको अस्पतालका प्रमुख प्रशासक प्रकाश खड्काले बताए।

मिसन अस्पतालबाट सुरु भएको पाटन अस्पतालको सेवा सुरुदेखि नै राम्रो भएकाले बिरामीको आकर्षण रहेको खड्का बताउँछन्। अस्पतालमा आउने बिरामीमध्ये करिब ७० प्रतिशत बिमामार्फत सेवा लिन आउने गरेका छन्। कठिन परिस्थितिमा पनि बिमा सेवा बन्द नगर्नु, पैसा नभएका बिरामीको सुरुमा उपचार गर्नु तथा आर्थिक अवस्था बुझेर तिर्न सक्ने भए परिवारले पछि भुक्तानी गर्ने र नसक्ने अवस्थामा अस्पतालले मिलान गर्ने व्यवस्थाका कारण पनि बिरामीको आकर्षण बढी भएको उनको भनाइ छ। बिरामीको बढी भिड हुने अस्पतालमध्ये शिक्षण अस्पताल पनि पर्छ। यो अस्पतालमा दैनिक औसत २५ सयदेखि तीन हजार बिरामी बहिरंग सेवा लिन आउँछन्। 'स्थानीय तहको क्षमताले नभ्याएपछि मात्र तेस्रो तहको अस्पतालमा आउनुपर्ने हो तर देशभरिबाट एम्बुलेन्स रिजर्भ गरेर सिधै शिक्षण अस्पतालमा आउँछन्,' अस्पतालका सहायक निर्देशक डा. पवनराज आचार्यले भने।

अन्य दिनको तुलनामा सोमबार बिरामीको चाप करिब एक हजार बढी हुने गरेको छ। बहिरंग विभागमा आएका बिरामीमध्ये दैनिक करिब सात सय जना भर्ना हुने गरेका छन्। तीमध्ये ८० प्रतिशत शल्यक्रिया गर्नुपर्ने प्रकृतिका हुन्छन्। यस हिसाबले आकस्मिकबाहेक अन्य शल्यक्रियाको पालो पाउन कम्तीमा तीनदेखि ६ महिनासम्म लाग्ने गरेको छ। शल्यक्रियाको पालो चाँडो दिने उद्देश्यले अस्पतालले हाडजोर्नी र गाइनोलोजीका लागि छुट्टाछुट्टै शल्यक्रिया थिएटर थप गरेको छ।

आगामी वर्ष पाँच वटा शल्यक्रिया टेबल थप्ने तयारी पनि भइरहेको छ। तैपनि सामान्य शल्यक्रिया र परीक्षणका लागि समेत शिक्षण नै आउने चलनले बिरामीको चाप कायमै रहेको आचार्य बताउँछन्। 'हर्निया र पत्थरीको शल्यक्रिया सबै प्रादेशिक अस्पतालमा हुन्छ तर सिधै टिचिङ नै आउने चलनले भिड बढेको छ,' उनले भने। ४० वर्षअघिको राजधानीको जनसंख्याका आधारमा बनेको संरचना अहिले अपुग भएकाले अस्पतालले नयाँ विकल्प खोज्न लागेको पनि आचार्यले बताए।

**आधारभूत र प्रादेशिक अस्पतालमा न चुस्त सेवा न नागरिकलाई विश्वास**

सरकारले समतामूलक स्वास्थ्य सेवा दिने उद्देश्यले देशभर पाँच सय ३० वटा अस्पतालबाट आधारभूत स्वास्थ्य सेवा दिने, प्रादेशिक अस्पतालले मध्यम तहको सेवा दिने र विशिष्टीकृत अस्पतालले अति विशिष्टीकृत सेवा दिने व्यवस्था जनस्वास्थ्य सेवा नियमावली २०७७ मा गरेको छ। स्वास्थ्य सेवा मापदण्डअनुसार विशिष्टीकृत अस्पतालमा सेवा लिनुअघि आधारभूत अस्पतालमा सेवा लिनुपर्ने र त्यहाँ सेवा उपलब्ध नभए जिल्ला वा प्रादेशिक अस्पतालमा जानुपर्ने हुन्छ। यी दुवै तहका अस्पतालमा सेवा उपलब्ध नभए मात्र विशिष्टीकृत अस्पतालमा रेफर गर्नुपर्ने व्यवस्था छ।

यी दुवै तहका अस्पतालमा सेवा चुस्त नहुनु र उपलब्ध सेवाबारे नागरिकलाई पर्याप्त जानकारी नहुनुले सिधै विशिष्टीकृत अस्पताल जाने गरेको जनस्वास्थ्य विज्ञहरू बताउँछन्। अस्पतालको सेवा चुस्त हुन पर्याप्त जनशक्ति, औषधि र उपकरण आवश्यक हुन्छ। तीमध्ये सबैभन्दा पहिले जनशक्ति आवश्यक पर्ने टिचिङ अस्पतालका सहायक निर्देशक डा. आचार्य बताउँछन्। संघीयदेखि आधारभूत अस्पतालसम्मै आवश्यक जनशक्ति अभाव रहेको उनको भनाइ छ। त्यसमा पनि पछिल्लो समय उपत्यकाबाहिर चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका कारण गम्भीर प्रकृतिका बिरामीलाई सिधै टिचिङ वा वीरमा रेफर गर्ने प्रवृत्ति बढेको उनको अनुभव छ। यसरी रेफर गर्नेमा निजी अस्पताल, निजी मेडिकल कलेज र उपत्यकाबाहिरका सरकारी अस्पतालसमेत छन्।

एकातिर पेसागत सुरक्षा नहुनु र अर्कोतिर प्रादेशिक अस्पतालले दिने सेवाप्रति जनमानसमा विश्वास जगाउन नसक्नु पनि विशिष्टीकृत अस्पतालमा भिड हुनुका कारण रहेको जानकारहरू बताउँछन्। आधारभूत अस्पताल मापदण्डले तोकेका आधारभूत सेवा, चिकित्सक, फार्मेसी, एक्सरे, ल्याब र ९८ प्रकारका निःशुल्क औषधिसहित आवश्यक जनशक्तिको व्यवस्था स्थानीय तहले गर्नुपर्छ। आवश्यकताअनुसार स्थानीय तहले आधारभूत अस्पतालमा थप सेवा विस्तार गर्न सक्छ। दुर्गमका आधारभूत अस्पतालमा तत्काल अर्को स्वास्थ्य केन्द्रमा जान सम्भव नहुने भएकाले त्यहाँ बिरामी भर्ना गर्न मिल्ने गरी अस्पताल बनाउन सकिने व्यवस्था पनि आधारभूत स्वास्थ्य सेवामा रहेको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका पूर्वअतिरिक्त सचिव महेन्द्र श्रेष्ठ बताउँछन्। आधारभूत सेवाप्रति नागरिकलाई विश्वास दिलाउन नसक्नुले पनि विशिष्टीकृत अस्पतालमा बिरामीको चाप बढेको श्रेष्ठ बताउँछन्।

'विशिष्टीकृत अस्पतालमा सेवा लिन गएकामध्ये ९० प्रतिशत सामान्य बिरामी हुन्छन्। त्यसको कारण १० प्रतिशत जटिल बिरामीले समयमा पालो पाउँदैनन्,' उनले भने। पछिल्लो समय आधारभूत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागु भएपछि यी अस्पतालको ७० प्रतिशत काम सिधै रेफर गर्नमै बित्ने गरेको सूचना अधिकारी श्रेष्ठ बताउँछिन्। 'आधारभूत स्वास्थ्य सेवामा बिमा समावेश गरेर सेवा बिग्रेको छ,' उनले भने।

**गुणस्तरीय सेवामा चुनौती**

सामान्य बिरामी विशिष्टीकृत अस्पतालमा पुगेकै कारण गुणस्तरीय स्वास्थ्य सेवा चुनौतीपूर्ण बन्दै गएको सूचना अधिकारी श्रेष्ठले बताइन्। 'जटिल बिरामीले छिटो सेवा पाउनुपर्नेमा फोर्स लगाएर आएका सामान्य बिरामीले छिटो सेवा लिएको पनि देखिन्छ। यसले गर्दा जटिल बिरामीको उपचार ढिला हुन्छ,' उनले भनिन्। टिचिङ अस्पतालका सहायक निर्देशक डा. पवनराज आचार्यका अनुसार नेपालमा विद्यमान स्वास्थ्य जनशक्ति पुरानो संरचना र जनसंख्याका आधारमा रहेको छ। ३०-३५ वर्षसम्म त्यही जनशक्तिकै भरमा सेवा दिँदा चिकित्सक नै असुरक्षित भएको र धेरै स्वास्थ्यकर्मी विदेश पलायन भइसकेको उनले बताए। 'सरकारले बेलैमा दरबन्दी थपेको भए गुणस्तरीय सेवा दिन सम्भव थियो। अब मात्र मन्त्रालयले आठ सयभन्दा बढी स्वास्थ्य जनशक्ति थप्दै छ,' उनले भने।

जनशक्ति, उपकरण र भौतिक संरचनासहित आधारभूत तथा प्रादेशिक अस्पताललाई बलियो बनाउन सके विशिष्टीकृत अस्पतालमा स्वतः बिरामीको चाप कम हुने उनको विश्लेषण छ। यसका साथै स्वास्थ्य बिमालाई बलियो र नियमित गरेर पनि गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न सकिने डा. आचार्यको सुझाव छ। राज्यले कुन तहसम्म उपचारात्मक सेवा दिने हो भन्नेबारे पनि स्पष्ट हुनुपर्ने उनको सुझाव छ।

# भारतको ८० औँ स्वतन्त्रता दिवस मनाउँदै

## राजदूतको सन्देश



भारतको ८० औँ स्वतन्त्रता दिवसको अवसरमा नेपालमा रहनु भएका मेरा भारतीय नागरिक साथीहरू तथा भारतका मित्रहरूमा न्यानो शुभकामना व्यक्त गर्न पाउँदा मलाई अत्यन्तै गौरव महसुस भइरहेको छ ।

गत एक वर्षमा नेपालमा महत्त्वपूर्ण घटनाक्रमहरू भए जसका बारे यहाँहरू सबै जानकार हुनुहुन्छ । यस वर्षको सुरूवातमा भएको निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बहुमतको सरकार बनेको छ । प्रधानमन्त्री नरेन्द्र मोदी जीले निर्वाचन लगत्तै नेपालको नयाँ नेतृत्वलाई बधाई दिनुभयो र एक घनिष्ठ मित्र तथा छिमेकीको रूपमा भारत साझा शान्ति, प्रगति र पारस्परिक समृद्धिको नयाँ उचाइ हासिल गर्न नेपालका जनता र उनीहरूको नयाँ सरकारसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको कुरामा जोड दिनुभयो । यही प्रतिबद्धता हालै सन् २०२६ जुनमा नेपालका परराष्ट्रमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिको भारत भ्रमणका क्रममा नेतृत्व तहमा पनि दोहोरिएको थियो ।

भारत र नेपालबीचको साझेदारीको लचिलो तथा बहुआयामिक स्वरूप सन् २०२६ को मार्चमा नेपालमा निर्वाचन सम्पन्न गर्न लजिस्टिकल सहायता सहितको भारतले प्रदान गरेको सहयोगबाट झल्केको थियो । विश्वव्यापी अवरोधका बाबजुद भारतले नेपालमा इन्धन र अन्य अत्यावश्यक वस्तुहरूको निर्बाध आपूर्ति कायम राखेको छ ।

हाम्रो द्विपक्षीय सम्बन्ध व्यापार तथा वाणिज्य, लगानी, ऊर्जा, विकास सहकार्य, शिक्षा, विपद् प्रतिकार्य तथा न्यूनीकरण एवम् संस्कृति जस्ता परम्परागत शक्तिका क्षेत्रहरूमा निरन्तर अगाडि बढिरहेको छ ।

सडक, पुल र रेल लिङ्कहरूको निर्माणले मानिसहरूको आवागमनलाई सहज बनाएको छ, रेलमार्फत विराटनगरको नेपाल भन्सार यार्डसम्म कार्गो ढुवानीको थालनीले भारत र नेपालबीचको व्यापार तथा पारवहनलाई अझ बढी प्रभावकारी र लागत-प्रभावी बनाउनेछ, भारत र नेपालबीच पियर-टु-पियर डिजिटल भुक्तानीको सुरूवातले भारतमा कार्यरत ठूलो संख्यामा रहेका नेपाली नागरिकहरूले नेपालमा रहेका आफ्ना परिवारलाई छिटो विप्रेषण रकम पठाउन सहज बनाउनेछ, विद्युत् व्यापार, नयाँ जलविद्युत परियोजनाहरूको विकास तथा नयाँ प्रसारण लाइनहरूको उद्घाटनमार्फत ऊर्जा क्षेत्रमा भएका सहकार्यले दुवैतर्फ दिगो ऊर्जा विकासलाई मद्दत पुऱ्याएको छ ।

सन् २०१५ को भूकम्पपछि नेपालका लागि भारतको 'भूकम्प पुनर्निर्माण सहायता' अन्तर्गत ७२ वटा स्वास्थ्य संरचना र १२ वटा साँस्कृतिक सम्पदा क्षेत्रका परियोजनाहरूको नेपालका परराष्ट्रमन्त्रीको हालैको नयाँ दिल्ली भ्रमणका क्रममा गरिएको भर्चुअल उद्घाटन तथा हस्तान्तरण भारतले नेपालसँग गर्दै आएको दृढ विकास सहकार्यको एउटा उदाहरण हो ।

भारत र नेपालबीच बढ्दो सहकार्य र बलियो कनेक्टिभिटीले अब स्टार्टअप, एआई, सूचना प्रविधि, नवीकरणीय ऊर्जा जस्ता अन्य धेरै नयाँ क्षेत्रहरूमा व्यापक अन्तर्क्रियालाई बढावा दिन सहयोग गरिरहेको छ ।

हामी हाम्रा नेपाली मित्रहरूसँग कृषि, स्वास्थ्य, अन्तरिक्ष र खेलकुद विशेष गरी क्रिकेटजस्ता क्षेत्रमा हाम्रो सहकार्यलाई थप विस्तार गर्न काम गरिरहेका छौँ ।

नेपालमा रहेको भारतीय समुदायले यस प्रयासमा महत्त्वपूर्ण र प्रशंसनीय भूमिका खेलेको छ । हाम्रा दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने दूतावासका पहलहरूमा यस समुदायले दिएको अटल समर्थनका लागि म यस समुदायप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यहाँहरू सबैलाई हर्षोल्लासपूर्ण तथा स्मरणीय ८० औँ स्वतन्त्रता दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय हिन्द, जय नेपाल ।

नवीन श्रीवास्तव

## भारत-नेपाल सम्बन्ध बलियो बनाउँदै



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति श्री रवि लामिछानेले सन् २०२६ जुन १-५ सम्म भारतको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा वहाँले माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी, माननीय गृहमन्त्री श्री अमित शाह र माननीय विदेशमन्त्री डा. एस. जयशंकरसँग भेट गर्नुभयो ।



नेपालका माननीय परराष्ट्रमन्त्री श्री शिशिर खनालले सन् २०२६ जुन ५-७ सम्म भारतको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका क्रममा वहाँले माननीय विदेशमन्त्री डा. एस. जयशंकरसँग प्रतिनिधिमण्डलस्तरीय भेटवार्ता गर्नुभयो । भारतको भूकम्पपछिको पुनर्निर्माण अनुदान मार्फत नेपालमा निर्माण गरिएका ७२ वटा स्वास्थ्य संरचना र १२ वटा गुम्बासहित ८४ वटा परियोजनाहरू भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले परराष्ट्रमन्त्री श्री शिशिर खनाललाई हस्तान्तरण गर्नुभयो ।



नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले सन् २०२६ अगस्ट १० मा सिंहदरबारमा नेपालका सम्माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाहसँग शिष्टाचार भेट गर्नुभयो । राजदूतले माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शुभकामना सन्देश सुनाउनुका साथै भारत र नेपालबीचको साझेदारीलाई अझ प्रगाढ बनाउने विषयमा फलदायी विचार विमर्श गर्नुभयो ।



ऊर्जा क्षेत्र सहकार्य सम्बन्धी संयुक्त निर्देशक समितिको १३ औँ बैठकअघि भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री पंकज अग्रवालले सन् २०२६ जुलाई १४ मा नेपालका माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री विराज भक्त श्रेष्ठसँग भेटवार्ता गर्नुभयो ।

## रक्षा सहकार्य





भारतीय सेनाद्वारा सन् २०२६ मे १८-३१ सम्म उमरोई (सिलोङ) स्थित फरेन ट्रेनिङ नोडमा एक्सरसाइज प्रगतिको पहिलो संस्करण सञ्चालन गरिएको थियो । यस अभ्यासमा ११ देशका सैनिकहरूसँगै नेपाली सेनाको ३८ सदस्यीय टोलीले पनि सहभागिता जनाएको थियो ।




भारतीय सेनाद्वारा सन् २०२६ फेब्रुअरी १२-२८ सम्म भारतको उत्तर-पूर्वी क्षेत्रमा सञ्चालित इन्टरनेशनल मिलिटरी एडभेन्चर च्यालेन्ज कप (आईएमएसीसी-२०२६) मा नेपाली सेनाको १० सदस्यीय टोलीले सहभागिता जनाएको थियो ।

## वाणिज्य सहकार्य




आईआईटी मद्रास प्रवर्तक टेक्नोलोजीज फाउन्डेसनको सहकार्यमा विकसित गरिएको र IN-SPAN (इन्डिया-नेपाल स्टार्टअप पार्टनरसिप नेटवर्क) अन्तर्गत आईआईटी मद्रास प्रवर्तकमा आयोजना गरिएको ८ हप्ताको फुल्ली फन्डेड तालिम कार्यक्रम सन् २०२६ जुलाई ३१ मा सम्पन्न भयो जसमा एआई, फिनटेक, बायोटेक्नोलोजी, क्लिनटेक, एग्रिटेक, आईओटी र सास जस्ता २५ वटा नेपाली स्टार्टअपहरूको दोस्रो कोहर्ट सहभागी थियो ।



भारत र नेपालले द्विपक्षीय वित्तीय कनेक्टिभिटीलाई सुदृढ गर्न अन्तरदेशीय विप्रेषण संयन्त्र ( क्रस-बोर्डर रेमिटेन्स मेकानिजम) को शुभारम्भ गरे । यूपीआई-एनपीआईको यो सहकार्य वित्तीय समावेशीकरणमा एक ठूलो फड्को हो जसले भारत र नेपालबीच बलियो आर्थिक तथा डिजिटल सम्बन्धको प्रवर्द्धन गर्दछ ।



नेपालस्थित भारतीय राजदूतावास र नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की) ले "उदीयमान प्रविधिहरूमा भारत-नेपाल साझेदारी: एआई सहकार्यका लागि द्विपक्षीय अवसरहरूको खोजी" विषयक एक सेमिनारको संयुक्त रूपमा आयोजना गऱ्यो । यस कार्यक्रमले दुई देशबीच कृत्रिम बौद्धिकतामा सहकार्यका सम्भावनाहरू बारे छलफल गर्न व्यापार, सरकार, प्राज्ञिक क्षेत्र र स्टार्टअपहरूका प्रतिनिधिहरूलाई एकै ठाउँमा ल्याएको थियो ।

## विकास साझेदारी



साँस्कृतिक सम्पदा संरक्षणका लागि प्रतिष्ठित २०२५ युनेस्को एसिया-प्रशान्त अवार्ड अफ मेरिट ललितपुरको जेष्ठ वर्ण महाविहारलाई प्रदान गरियो । नेपालका लागि युनेस्कोका प्रतिनिधि श्री याको दु तोईले सन् २०२६ जुलाई २ मा ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जनको उपस्थितिमा धातुपट्टिका र प्रमाणपत्र जेष्ठ वर्ण महाविहार उपभोक्ता समिति र भारतीय पीएमसी इन्ट्याकलाई हस्तान्तरण गर्नुभयो ।



सन् २०२५ नोभेम्बरमा भारत-नेपाल पारवहन सन्धिको प्रोटोकल संशोधन गर्ने लेटर अफ एक्सचेन्जमा हस्ताक्षर भएको थियो जसले अन्य कुराका साथै रेलमार्फत हुने मालसामान ढुवानीको परिभाषालाई फराकिलो बनाएको थियो । यस सन्धिपछि कोलकाता बन्दरगाहबाट छुटेको एउटा कार्गो रेल भारतीय भन्सार यार्ड, जोगबनी हुँदै सन् २०२६ जुलाई २० मा नेपालको विराटनगरस्थित भन्सार यार्डमा आइपुग्यो ।

## साँस्कृतिक सम्बन्ध र खेलकुद




काठमाडौँस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा सन् २०२६ अप्रिल ३० मा लुम्बिनीमा बुद्ध जयन्ती मनायो । कार्यक्रमका मुख्य आकर्षणहरूमा विद्यालयका विद्यार्थीहरूद्वारा गरिएको चित्रकला प्रदर्शनी, भारत र नेपालका भिक्षुहरूद्वारा गरिएको मन्त्रोच्चारण सहितको प्रार्थना र एक जीवन्त साँस्कृतिक साँझ रहेका थिए ।



नेपालस्थित भारतीय राजदूतावास र वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा ११ वटा शहरहरूमा २२ वटा योग कार्यक्रमहरूको आयोजना गरेका थिए जसले १३,००० भन्दा बढी सहभागीहरूलाई आकर्षित गरेको थियो । पोखरा रङ्गशालामा सन् २०२६ जुन २१ मा भएको मुख्य कार्यक्रममा ८,००० भन्दा बढी योगमा रूचि राख्नेहरूको सहभागिता रहेको थियो ।



काठमाडौँस्थित भारतीय राजदूतावासले सन् २०२६ जुलाई २९ मा आषाढ पूर्णिमा मनायो । उक्त कार्यक्रममा नेपालभरका गुम्बाहरूबाट थेरवाद, महायान र वज्रयान परम्पराका भिक्षु तथा विद्वानहरूको उपस्थिति रहेको थियो । पवित्र मन्त्रोच्चारण र प्रार्थनाले सारनाथमा भगवान् बुद्धले दिनुभएको पहिलो उपदेशलाई सम्मान गऱ्यो ।



काठमाडौँस्थित भारतीय राजदूतावासले ८ वटा टोलीहरूको सहभागिता रहेको भारतीय राजदूत क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान र मूलपानी क्रिकेट रङ्गशालामा सन् २०२६ जुन २६-२८ सम्म आयोजना गऱ्यो । कार्यक्रमको समापन समारोहमा राजदूत श्री नवीन श्रीवास्तवले तीन जना उदीयमान नेपाली महिला यू-१९ क्रिकेट खेलाडीहरूलाई प्रोफेसनल क्रिकेट किट हस्तान्तरण गर्नुभयो ।

## उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसीडीपीहरू) गतिविधि

**सन् २००३ देखिका परियोजनाहरू**

- कुल परियोजनाहरू: ६०५ एचआइसीडीपीहरू
- सम्पन्न भइसकेका: ५१२ परियोजनाहरू
- हाल जारी रहेका : ९३ परियोजनाहरू
- कुल लागत: नेरू. १६६२ करोड

**परियोजनाहरू (सन् २०२५ अगस्ट - सन् २०२६ अगस्ट):**

- उद्घाटन गरिएका: १२ परियोजनाहरू
- सुरूवात गरिएका/समझदारी पत्रमा हस्ताक्षर गरिएका: २६ परियोजनाहरू
- शिलान्यास गरिएका: २६ परियोजनाहरू








**सन् २०२६ मा उपहारस्वरूप प्रदान गरिएका सवारीसाधनहरू**

- स्कुल बस : ८१
- निर्वाचन सवारी साधनहरू: ६५०

- हालसम्मको कुल संख्या: १०४९ एम्बुलेन्स, ३८१ स्कुल बस र १५ विद्युतीय कारहरू

## शिक्षा तथा क्षमता अभिवृद्धि

**५००** सन् २०२५ मा नेपालमा कक्षा ११ र १२ मा अध्ययन गर्नका लागि महात्मा गान्धी छात्रवृत्ति योजना (एमजीएसएस) अन्तर्गत सिटहरू ।

**७००** सन् २०२५ मा भारतमा विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका कोर्षहरू अध्ययन गर्नका लागि सिटहरू ।

**२००** सन् २०२५ मा नेपालमा विभिन्न स्नातक तहका कोर्षहरू अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना (जीजेएसएस) अन्तर्गत सिटहरू ।

**२८** सन् २०२५ मा भारतका आर्मी पब्लिक स्कुलहरूमा अध्ययन गर्नका लागि सिटहरू ।



सन् २०२५ मा भारतले नेपाली नागरिकहरूका लागि भारत र नेपालमा विभिन्न कोर्षहरूका लागि लगभग १५०० छात्रवृत्ति प्रदान गऱ्यो ।



सन् २०२५ मा ४१७ नेपाली अधिकारी र पेशाकर्मीहरूले भारत सरकारको भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) कार्यक्रम अन्तर्गत IITs, IIMs, PRIDE, NSG, RRU, GSV, PGIMER आदि भारतका विभिन्न संस्थानहरूमा ८२ विभिन्न कोर्षहरूको तालिममा सहभागिता जनाएका थिए ।

## आर्थिक सहकार्य



भारत र नेपालबीच व्यापार सहजीकरण तथा भन्सार नियन्त्रणका लागि वस्तु निर्यातको प्रि-अराइभल इन्फर्मेसन आदानप्रदानमा सहकार्य हेतु सन् २०२६ जनवरी २१ मा नयाँ दिल्लीमा एक समझदारी पत्रमा हस्ताक्षर भयो । प्रि-अराइभल इन्फर्मेसन आदानप्रदानले भन्सार अधिकारीहरूलाई जोखिमको मूल्याङ्कन गर्न र कन्साइनमेन्टहरूको पहिल्यै नै प्रक्रिया अघि बढाउन सक्षम बनाउँछ जसले सीमामा छिटो र सुरक्षित जाँचपास सुनिश्चित गर्दछ । यसले सीमापार आवतजावतमा सुरक्षा, पारदर्शिता र समग्र कुशलता अभिवृद्धि गर्दै व्यापार सहजीकरणलाई सुदृढ बनाउँछ ।

## ऊर्जा सम्बन्ध




भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री पंकज अग्रवाल र नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री सरिता दवाडीको सह-अध्यक्षतामा ऊर्जा क्षेत्र सहकार्य सम्बन्धी संयुक्त निर्देशक समितिको १३ औँ बैठक सन् २०२६ जुलाई १५ मा पोखरामा सम्पन्न भयो । यसअघि जुलाई १४ मा संयुक्त कार्यदल (जेडब्ल्युजी) को १३ औँ बैठक सम्पन्न भएको थियो जसको सह-अध्यक्षता भारत सरकारको सहसचिव (प्रसारण) श्री पंकज कुमार र नेपाल सरकारको सहसचिव श्री सन्दीप कुमार देवले गर्नुभएको थियो । यी बैठकहरूले जलविद्युत विकास, विद्युत व्यापार र प्रसारण पूर्वाधार लगायत द्विपक्षीय ऊर्जा सहकार्यको समीक्षा गरे ।

# श्रावण : प्रकृति, नारी र पुनर्जागरणको रङ

**श्रावण केवल प्रकृतिको शृंगार होइन, यो जीवनलाई फेरि उठ्न, अघि बढ्न र हरियाली बनाउन सकिन्छ भन्ने विश्वासको नाम हो। श्रावणले हामीलाई भन्छ- थाक्न सकिन्छ तर हार मान्नुपर्दैन, रोकिन सकिन्छ तर यात्रा त्याग्नुपर्दैन, झर्न सकिन्छ तर फेरि उठ्न सकिन्छ।**

प्रकृति



शोभा ज्ञवाली

श्रावण महिनामा प्रकृति आफैं शृंगार गर्न थाल्छ। आकाशमा कालो बादल मडारिन्छ, झरीका थोपा धरतीमा खस्छन्, सुक्खा माटोले पानीको स्पर्श पाउँछ र चारैतिर हरियाली छाउँछ। रूखका पात अझ हरिया देखिन्छन्, खेतका गरा जीवन्त बन्छन्, डाँडाकाँडा हरियो खास्टोले ढाकिन्छन्। लाग्छ, प्रकृतिले लामो प्रतीक्षापछि आफ्नै हातले आफूलाई सजाएको छ। त्यसैले श्रावण केवल एउटा महिना होइन, नयाँ जीवन, आशा, सौन्दर्य र पुनर्जागरणको अनुभूति हो।

श्रावणको अर्थ प्रकृतिको हरियालीमा मात्र सीमित छैन। नेपाली समाजमा श्रावण नारी जीवनसँग पनि गहिरोसँग जोडिएको छ। हरियो चुरा, हरियो पोसाक, मेहन्दी, तीजका गीत, भेटघाट, पूजा, पारिवारिक आत्मीयता र सांस्कृतिक उत्सवले श्रावणलाई महिलाहरूको जीवनमा विशेष बनाउँछन्। प्रकृतिले श्रावणमा आफूलाई हरियो रङले सजाएझैं महिलाहरू पनि आफ्नो जीवनमा रङ, उमंग र उत्साह थप्छन्। यही कारण श्रावणलाई हेर्दा प्रकृति र नारी जीवनबिच एउटा अद्भुत समानता देखिन्छ।

प्रकृतिको जीवन र मानिसको जीवनमा धेरै कुरा मिल्छन्। कहिले घाम हुन्छ, कहिले बादल, कहिले वर्षा हुन्छ, कहिले खडेरी। कहिले फूल फुल्छ, कहिले पात झर्छ। मानिसको जीवन पनि त्यस्तै हो। कहिले खुसी आउँछ, कहिले दुःख। कहिले सफलता हात पर्छ, कहिले असफलताले बाटो रोक्छ। कहिले आफ्नो संसार हरियालीले भरिएको महसुस हुन्छ, कहिले सबै कुरा सुक्खा र सुनसान लाग्छ। तर श्रावणले एउटा महत्त्वपूर्ण पाठ सिकाउँछ- सुक्खापछि पनि हरियाली आउन सक्छ, अँध्यारो बादलपछि पनि उज्यालो आकाश खुल्न सक्छ।

प्रकृतिले पनि परिवर्तनलाई स्वीकार गरेर नै आफ्नो सौन्दर्य जोगाउँछ। गर्मीमा सुक्दै गएको धरती वर्षाको पानी पाएपछि फेरि हरियालीमा फर्किन्छ। रुखका पुराना पात झर्छन्, नयाँ पालुवा पलाउँछन्। खेतमा छरिएको एउटा सानो बिउले उचित वातावरण पाएपछि अन्नको रूप लिन्छ। यसले मानिसलाई पनि एउटा गहिरो सन्देश दिन्छ- जीवनमा आएको कुनै पनि कठिनाइ अन्तिम सत्य होइन। समय, धैर्य र निरन्तर प्रयासले सुक्खा परिस्थितिलाई पनि हरियालीमा बदल्न सक्छ।

श्रावणको झरी र जीवनको संघर्षसँग जोडेर पनि हेर्न सक्छौं। श्रावणको झरीलाई नजिकबाट हेर्ने हो भने त्यसमा जीवनको गहिरो दर्शन भेटिन्छ। वर्षा सुरु हुँदा आकाश अँध्यारो हुन्छ। बादल गर्जिन्छ, बाटो हिलाम्मे हुन्छ, कतिपय ठाउँमा समस्या पनि उत्पन्न हुन्छ। तर त्यही वर्षा केही समयपछि खेतका लागि वरदान बन्छ। किसानको अनुहारमा आशा देखिन्छ। बिउ उम्रिन्छ, बाली बढ्छ र धरती उत्पादनशील बन्छ।

महिलाको जीवनलाई हेर्ने हो भने यो संघर्ष अझ स्पष्ट देखिन्छ। एउटी महिला छोरी, विद्यार्थी, पेसाकर्मी, उद्यमी, आमा, पत्नी, नेतृत्वकर्ता वा समाजसेवीका रूपमा विभिन्न जिम्मेवारीसँग अगाडि बढिरहेकी हुन्छिन्। जीवनका हरेक चरणमा उनले नयाँ भूमिका सिक्नुपर्छ। कहिलेकाहीं आफ्नो सपना र जिम्मेवारीबिच सन्तुलन मिलाउनुपर्ने अवस्था आउँछ तर यही यात्राले उनको व्यक्तित्वलाई अझ परिपक्व बनाउँछ। जिम्मेवारीको बोझसँगै अवसर र आत्मनिर्भरताको बाटो पनि खुल्दै जान्छ।

आज नेपाली महिलाहरू घरको चौघेराबाट बाहिर निस्केर शिक्षा, प्रशासन, राजनीति, सञ्चार, विज्ञान, प्रविधि, व्यवसाय, उद्यमशीलता, कला, खेलकुद र सामाजिक नेतृत्वका क्षेत्रमा आफ्नो उपस्थिति स्थापित गरिरहेका छन्। उनीहरूको यात्रा केवल व्यक्तिगत सफलताको कथा होइन, समाजको सोच परिवर्तनको कथा पनि हो। त्यसैले नारीलाई कमजोर, आश्रित वा केवल पारिवारिक भूमिकामा सीमित गरेर हेर्ने दृष्टिकोण बदलिन आवश्यक छ। श्रावणको हरियालीले हामीलाई यही परिवर्तनको सन्देश पनि दिन सक्छ। त्यसैले श्रावणको झरी र नारी जीवनबिच एउटा सुन्दर समानता छ। दुवैले कठिन परिस्थितिबाट पनि नयाँ जीवन जन्माउने क्षमता राख्छन्। झरीले सुक्खा धरतीलाई जीवन दिन्छ भने संघर्षले महिलाभित्रको सामर्थ्यलाई उजागर गर्न सक्छ। बादलको अँध्यारो चिरेर घाम निस्किएझैं कठिनाइ पार गरेर अघि बढेकी महिलाको जीवनमा पनि आत्मविश्वास र सफलताको उज्यालो फैलिन सक्छ।

**हरियो चुरा : केवल शृंगार होइन, भावनाको रङ हो**

श्रावणमा हरियो चुरा लगाउने परम्परा नेपाली महिलाको सांस्कृतिक जीवनसँग गहिरोसँग जोडिएको छ। चुराको आवाज, हरियो रङ, मेहन्दी र श्रावणका गीतहरूले वातावरणमा उत्सवको अनुभूति ल्याउँछन्। यसलाई केवल बाहिरी शृंगारका रूपमा बुझ्नु पर्याप्त हुँदैन।

हरियो रङ प्रकृतिको रङ हो। यो जीवन, आशा र नयाँ सुरुवातसँग जोडिन्छ। जब महिला हरियो चुरामा सजिन्छिन्, त्यो दृश्य आफैंमा प्रकृति र मानव जीवनको सुन्दर सम्बन्धको प्रतीक बन्न सक्छ। हरियो चुराको प्रत्येक घेराले जीवनमा आशा, उमंग र निरन्तरताको सन्देश बोकेको अनुभूति हुन्छ। चुरा फुट्दा आउने आवाजले क्षणिक पीडा सम्झाएझैं चुरा बज्दा आउने मधुर ध्वनिले जीवनमा उत्सव पनि आवश्यक छ भन्ने सम्झाउँछ।

आजको समयमा हामीले शृंगारको अर्थलाई अझ फराकिलो बनाउन आवश्यक छ। महिलाको वास्तविक सौन्दर्य केवल चुरा, पोसाक वा मेहन्दीमा होइन। उनको ज्ञान, आत्मविश्वास, क्षमता, निर्णय गर्ने स्वतन्त्रता र आफ्नो पहिचान निर्माण गर्ने साहसमा पनि सौन्दर्य हुन्छ। हरियो चुरा हातमा लगाउनु एउटा सांस्कृतिक परम्परा हो तर ती हातले आफ्नो भविष्य निर्माण गर्न सक्नु अझ ठुलो उपलब्धि हो।



ती हातले घर सम्हाल्न सक्छन्, व्यवसाय सञ्चालन गर्न सक्छन्, प्रविधि सिर्जना गर्न सक्छन्, उद्योग चलाउन सक्छन्, समाजको नेतृत्व गर्न सक्छन् र देशको अर्थतन्त्रमा योगदान दिन सक्छन्। आमाको हातमा बजेको चुरा केवल घरभित्रको खुसीको प्रतीक नबनोस्, त्यही हातले छोरीलाई शिक्षा, आत्मनिर्भरता र आफ्ना सपना पूरा गर्ने साहस पनि दिन सकोस् किनभने एउटा महिलाको आत्मनिर्भरता केवल उनको व्यक्तिगत उपलब्धि होइन, परिवार, समाज र राष्ट्रकै समृद्धिको आधार हो।

श्रावणलाई केवल चुरा, मेहन्दी, वर्षा र हरियालीको महिनाका रूपमा मात्र नहेरौं। यसलाई नयाँ सोच, नयाँ ऊर्जा र नयाँ सम्भावनाको प्रतीकका रूपमा पनि बुझौं। प्रकृतिले जस्तै हामीले पनि जीवनका सुक्खा दिनपछि हरियालीको सम्भावना देख्न सिकौं। महिलाको हातमा बज्ने चुराको आवाज केवल परम्पराको ध्वनि नबनोस्, त्यो आत्मनिर्भरता, आत्मसम्मान, समानता र सशक्तीकरणको आवाज बनोस्। अनि श्रावणको हरियो रङ केवल प्रकृतिमा मात्र होइन, प्रत्येक महिलाको सपना, अवसर र भविष्यमा पनि फैलियोस्।

**प्रकृतिको पुनर्जन्म र महिलाको पुनःउत्थान**

श्रावणअघि धेरै ठाउँमा प्रकृति थाकेजस्तो देखिन्छ। घामले जमिन सुकाएको हुन्छ। बोटबिरुवामा पनि गर्मीको असर देखिन्छ। तर वर्षा सुरु भएपछि त्यही प्रकृति फेरि जीवन्त हुन्छ। हरिया पात पलाउँछन्, नयाँ टुसा उम्रन्छन् र धर्तीमा जीवन फर्किन्छ। मानिसको जीवनमा पनि यस्ता चरण आउँछन्। कहिलेकाहीं असफलता, निराशा, आर्थिक कठिनाइ, सम्बन्धका चुनौती वा सामाजिक अवरोधका कारण मानिस थाक्छ। महिलाको जीवनमा पनि यस्ता कठिनाइहरू आउन सक्छन्। तर एउटा असफलता जीवनको अन्त्य होइन। एउटा ढोका बन्द हुँदा अर्को ढोका खोल्ने क्षमता मानिसभित्र हुन्छ।

श्रावणले यही कुरा सम्झाउँछ- जीवन कहिल्यै एउटै अवस्थामा रहँदैन। आज कठिनाइ छ भने भोलि अवसर आउन सक्छ। आज आँसु छ भने भोलि मुस्कान आउन सक्छ। आजको असफलता भोलिको सफलताको आधार बन्न सक्छ। आजको संघर्ष भोलिको प्रेरणादायी कथा बन्न सक्छ। त्यसैले महिलालाई दया होइन, अवसर चाहिन्छ। संरक्षण मात्र होइन, समान अवसर चाहिन्छ। प्रशंसा मात्र होइन, निर्णय गर्ने स्थान चाहिन्छ। सम्मानका शब्द मात्र होइन, आफ्नो क्षमता प्रमाणित गर्ने मैदान चाहिन्छ। महिलाको पुनःउत्थान त्यतिबेला सार्थक हुन्छ, जब समाजले उनको सम्भावनालाई पहिचान गर्दै अगाडि बढ्ने समान बाटो खोलिदिन्छ।

**श्रावण र जीवनको सबैभन्दा ठुलो पाठ**

श्रावणको झरीले कहिलेकाहीं बाटो अवरुद्ध गर्छ तर त्यसले यात्रा रोक्दैन। मानिस केही समय पर्खन्छ, बाटो खुल्छ र फेरि अगाडि बढ्छ। जीवनमा पनि त्यस्तै हुन्छ। कहिलेकाहीं परिस्थिति हाम्रो पक्षमा हुँदैन। योजनाअनुसार काम हुँदैन। मेहनतको परिणाम ढिला आउँछ। मानिसले आलोचना गर्छ तर त्यसको अर्थ यात्रा समाप्त भएको होइन।

श्रावणको झरीले हामीलाई धैर्य सिकाउँछ। बादल लागेको आकाश देखेर सधैं अँध्यारो रहन्छ भन्ने निष्कर्ष निकाल्न सकिँदैन। त्यसैगरी जीवनमा आएको एउटा कठिनाइलाई हेरेर भविष्य पनि अँध्यारो हुनेछ भन्न मिल्दैन। मानिसले आफ्नो प्रयत्न, विश्वास र निरन्तरताबाट परिस्थितिलाई बदल्न सक्छ। महिलाको जीवनमा पनि यही सत्य लागु हुन्छ। अवसर नपाएको अवस्था स्थायी नियति होइन, अवसर सिर्जना गर्ने र प्राप्त अवसरलाई उपलब्धिमा बदल्ने क्षमता महिलाभित्र पनि उत्तिकै हुन्छ। यही कारण श्रावण केवल प्रकृतिको शृंगार होइन, यो जीवनलाई फेरि उठ्न, अघि बढ्न र हरियाली बनाउन सकिन्छ भन्ने विश्वासको नाम हो। श्रावणले हामीलाई भन्छ- थाक्न सकिन्छ तर हार मान्नुपर्दैन, रोकिन सकिन्छ तर यात्रा त्याग्नुपर्दैन, झर्न सकिन्छ तर फेरि उठ्न सकिन्छ।

**श्रावणको हरियाली र जीवनको सन्देश**

श्रावणले धरतीलाई हरियो बनाउँछ, संघर्षले मानिसलाई बलियो बनाउँछ। वर्षाले प्रकृतिलाई जीवन दिन्छ, अवसरले महिलाको सम्भावनालाई जीवन दिन्छ। प्रकृतिको सौन्दर्य हरियालीमा छ, नारीको शक्ति उनको आत्मविश्वासमा छ।

प्रकृतिले वर्षाबाट आफूलाई पुनर्जीवन दिन्छ, मानिसले अनुभव र संघर्षबाट आफूलाई पुनर्निर्माण गर्छ। त्यसैले जीवनमा आएको प्रत्येक कठिनाइलाई अन्तिम सत्यका रूपमा लिनुहुँदैन। कहिलेकाहीं आजको पीडा नै भोलिको शक्ति बन्न सक्छ। आजको असफलता नै भोलिको सफलताको कथा बन्न सक्छ। आजको आँसु नै भोलिको मुस्कानको कारण बन्न सक्छ। श्रावणसँगै हामीले विभिन्न चाडपर्व- नागपञ्चमी, जनैपूर्णिमा, तीज, दसैं, तिहार, छठ, भिन्तुना, ल्होसार आदि विभिन्न चाडपर्वको स्वागत गर्छौं। वर्षाले प्रकृतिलाई जोडेजस्तै चाडपर्वले परिवार, समाज र समुदायलाई जोड्ने काम गर्छन्।

श्रावणको हरियो रङ केवल प्रकृतिको रङ होइन, यो आशा, पुनर्जन्म, सम्भावना र भविष्यप्रतिको विश्वासको रङ पनि हो। महिलाको हातमा बज्ने हरियो चुराले पनि यही जीवन्तताको अनुभूति गराउँछ। त्यसलाई केवल शृंगारमा सीमित नगरी महिला आत्मसम्मान, समानता, अवसर र सशक्तीकरणको प्रतीकका रूपमा बुझ्न सक्यौं भने श्रावणको सांस्कृतिक सौन्दर्य अझ अर्थपूर्ण हुनेछ।

> श्रावणको हरियो रङ प्रकृतिको रङ मात्र नभई आशा, पुनर्जन्म, सम्भावना र भविष्यप्रतिको विश्वासको रङ पनि हो। महिलाको हातमा बज्ने हरियो चुराले पनि यही जीवन्तताको अनुभूति गराउँछ। त्यसलाई केवल शृंगारमा सीमित नगरी महिला आत्मसम्मान, समानता, अवसर र सशक्तीकरणको प्रतीकका रूपमा बुझ्न सक्यौं भने श्रावणको सांस्कृतिक सौन्दर्य अझ अर्थपूर्ण हुनेछ।

# अँध्यारो आभा

**हामी भविष्यको सम्पूर्ण बाटो देख्न चाहन्छौं। जिन्दगी कुन मोडमा कसरी मोडिन्छ, ककसले साथ दिन्छन्, कहाँ पुगिन्छ, सबै कुराको निश्चितता खोज्छौं तर जीवनले भने एक कदम अगाडि बढ्ने बाटो मात्र देखाउँदो रहेछ।**

निबन्ध



दिलीप ढकाल

कहिलेकाहीं मनमा अनेक रङका सामान्य तरङ्ग आइपुग्छन्- हामीले कपालको रङ किन कालो मन पराउँछौं ? कालो रङको अंगुर झनै गुलियो किन हुन्छ ? पेलेका काला खुट्टाले कसरी जादुयी फुटबल खेले होलान् ? त्यो कालो रङको बेलुन पनि अरू बेलुनजस्तै कसरी माथि माथि उड्छ ? कोकको रङ किन कालो बनाएका होलान् ? त्यो बोत्तलभित्रको पानीको रङ सेतो बनाएको भए हुँदैनथ्यो ? कालो कोइलीको गलामा किन त्यति मिठो आवाजले वास गरेको हो ? अनि यी सबै मनका वह पोख्ने अक्षरको रङ पनि मैले किन कालो नै रोजेको हुँला ?

मलाई थाहा छैन- रङ राम्रो सेतो हुने हो कि कालो ? मनको रङ सेतो हुन्छ कि कालो ? जीवनको रङ कस्तो हुन्छ, सेतो कि कालो ? सम्बन्धको रङ कस्तो भयो भने सुमधुर हुन्छ, सेतो कि कालो ? आँखाको रङ कालो राम्रो कि खैरो ?

कतै पढेको एउटा कथा सम्झन्छु- कुनै समय एउटा यात्रु पहाडको साँघुरो बाटो हुँदै रातमा हिँडिरहेको थियो। आकाशमा चन्द्रमा थिएन। बाटोमा बत्ती थिएन। वरिपरि केवल काला पहाड र सल्लाका बोटहरू थिए। उसलाई लाग्यो- अब केही देखिँदैन, अब अगाडि बढ्नुको अर्थ छैन। केही क्षण ऊ त्यहीं उभियो। त्यसैबेला उसले टाढा कतै एउटा सानो उज्यालो देख्यो। त्यो सानो उज्यालोले बाटो देखाउन सक्दैनथ्यो तर त्यो उज्यालो उसलाई रोकिराखेको डरभन्दा अगाडि जीवनलाई बढाउन भने पर्याप्त थियो।

ऊ त्यही उज्यालोलाई गन्तव्य बनाएर हिँड्यो र उज्यालो भएकै ठाउँमा पुग्यो। एउटा वृद्धको घरको झ्यालबाट निस्किएको मट्टितेलको बत्तीको उज्यालो थियो त्यो। वृद्ध बाहिर निस्केर मुस्कुराउँदै भने- बाटो पूरै देखिनुपर्छ भन्ने छैन बाबु, एक पाइला देखिए पुग्छ।

जीवन पनि यस्तै रहेछ। हामी भविष्यको सम्पूर्ण बाटो देख्न चाहन्छौं। जिन्दगी कुन मोडमा कसरी मोडिन्छ, ककसले साथ दिन्छन्, कहाँ पुगिन्छ, सबै कुराको निश्चितता खोज्छौं तर जीवनले भने एक कदम अगाडि बढ्ने बाटो मात्र देखाउँदो रहेछ। यो तथ्य हामीले बुझ्दैनौं। जिन्दगीको यात्रामा अगाडिको एक पाइलाबाहेक बाटोभरि जताततै अँध्यारो नै अँध्यारो हुन्छ। यो अँध्यारो सत्य स्वीकार्न भने हामीलाई गाह्रो नै पर्छ। वास्तविकता यही हो- हिँडिसकेको बाटो उज्यालो, हिँड्न बाँकी बाटो अँध्यारो। हामी बढ्ने अगाडि नै हो, त्यही अँध्यारो बाटो। खोज्ने अँध्यारोमा आभा नै हो।

पराजय, एकान्त, प्रतीक्षा, असफलता, अनिश्चितता, यी सबै जीवनको आभा छोप्ने अँध्यारा ढकनी हुन्। आभा नदेखिने बेलासम्म त्यहाँ कुनै ताली बज्दैन, कुनै प्रशंसा सुनिँदैन। मानिस आफैंसँग प्रश्न गर्छ- म किन असफल भएँ ? मेरो बाटो किन रोकियो ? मैले गरेको सङ्घर्षको अर्थ के हो ? वास्तवमा यिनै प्रश्नको गर्भबाट नै उज्यालो दृष्टिको जन्म हुन्छ।

गौतम बुद्धले राजदरबारको उज्यालो छोडेर दुःखको अँध्यारोतर्फ यात्रा नगरेका भए बोधिको उज्यालो भेटिन्थ्यो कि भेटिँदैनथ्यो ? महात्मा गान्धीले जीवनभर अन्याय सहेर बसेको भए पाश्चात्य दमनविरुद्धको आवाज गन्तव्यमा पुग्थ्यो होला ? विश्वेश्वरप्रसादहरू अँध्यारो शासनविरुद्ध नलडेको भए तानासाही रात तोडिएर प्रजातान्त्रिक बिहान उदाउँथ्यो ? हेलेन केलरले अँध्यारो नयनभित्र संसारको आभा नखोजेको भए उनको चेतनाको उज्यालो त्यसरी फैलिन्थ्यो ? मृत्युको अँध्यारोको सुनिश्चितता नभएको भए जीवनको उज्यालो यति मूल्यवान् लाग्थ्यो कि लाग्दैनथ्यो ? कालो माटो हीरा, मोती, सुन वा यस्तै बहुमूल्य धातुभन्दा कैयौं गुणा मूल्यवान् हुन्छ। भोक समन गर्ने रोटी मूल्यवान् धातुभन्दा कम हुँदैन। कोइलाको दबाब र तापबिच जन्मने हीरा, समुद्रको गहिराइमा चम्किने मोती, अन्यायको पीडाबिच प्राप्त न्याय, गर्भको अँध्यारोबाट बाहिरी जगत्मा निस्किएको बालक, माटोको चापबिच फस्टाउँदो बिरुवा, औंसीको रातमा देखिएका नक्षत्र सबै अन्धकारका आभा हुन्।

अँध्यारोले कहिलेकाहीं हामीलाई लुकाउँछ तर कहिलेकाहीं त्यही अँध्यारोले हाम्रो वास्तविक अनुहार देखाउँछ। मान्छेले अरूलाई देखाउने उज्यालोमै हो, अँध्यारोमा त आफूले आफैंलाई हेर्ने हो। आफ्नो वास्तविकता आफैंले देख्ने अँध्यारोमै हो। आफूभित्रको आभा खोज्ने पनि अँध्यारोमै हो। अँध्यारोको सबैभन्दा ठुलो सौन्दर्य यही हो- यसले बाहिरी आँखालाई बन्द गराएर दृष्टिलाई खोलिदिन्छ।

एक वर्ष अगाडि भएको युवा विद्रोहको स्मृति आइरहेको छ मनमा। त्यस विद्रोहमा ज्यान गुमाएका ती युवाको अनुहार मनभरि आइरहेको छ। आफ्ना छोरा गुमाउँदा आमाहरू कति भक्कानिए होलान्, मैले कल्पना गर्न सकिरहेको छैन। ती आमाका लागि त्यो दिन कलङ्क बोकेको उज्यालो थियो, त्यो रात कलङ्क बोकेको अँध्यारो थियो। तर ती आमाले जस्तै देशले पनि सोच्यो कि सोचेन होला ? देश पनि आफ्नो छातीमा ती युवा ढलेको देख्दा पक्कै रोयो होला तर त्यति नै बेला देशले यसरी पनि सोच्यो होला- युवाको त्यही रगतले युगौंदेखि जमेको आफ्नो जिउको घाउ सफा गर्‍यो, त्यही कालो रातमा अनवरत अत्याचारको विरासत ढल्यो।

केही दिन अगाडि भेटघाटका सन्दर्भमा सुनधारा कारागार गएको थिएँ। त्यहाँ आमाका काखमा धेरै बालबालिका थिए। एक हुल बच्चा कारागारको पिँढीमा खेलिरहेका थिए। ती आमाहरूले सजाय भोग्दै गर्दा ती बालबालिका बेकसुर कारागारको कोठरीमा कैद थिए। तिनलाई न पढाइको चिन्ता, न भविष्यको। सम्झेँ- देश सम्हालिसकेका अधिकांश नेता जेलनेल बसेकै योगदानस्वरूप पटक पटक देशको नेतृत्वमा पुगे। मनमनै सोचेँ- यिनीहरूमध्ये केही त अवश्य देशको नेतृत्वकर्ता बन्नेछन्। यिनको पनि जेल अनुभव राम्रो छ। यी अनेक दबाब र चापबिच माटोमा रोपिएका बिउजस्तै ऊर्जावान् छन्। यिनै हुन् अँध्यारो आभा।



अहिले बृहस्पति अस्त छ। हाम्रो नजरमा बृहस्पति सूर्यको उज्यालोभित्र लोप भएको छ। सूर्यको नजिकै जाँदा नै अस्ताउने हुन् ग्रह। शुभग्रह अस्त हुँदा हामीले शुभकर्मसमेत गर्दैनौं। यहाँ चहकिलो उज्यालो हाम्रा लागि वा ग्रहका लागि राम्रो कि नराम्रो ? उज्यालोले त राम्रो नै गर्नुपर्ने हो तर त्यही उज्यालोले पूज्य ग्रहलाई दर्शनविहीन बनाएको छ, हाम्रो समय शुभमुहूर्तविहीन बनाएको छ। ब्रह्माण्डको आदिकालमा जताततै सघन अन्धकार थियो रे। ताराहरू पनि अन्धकारमै झल्किने हुन्। रात नहुने हो भने ताराको अस्तित्व नै देखिँदैन। यस्ता कुरा गरिरहँदा म अन्योलग्रस्त हुन्छु, राम्रो उज्यालो हो कि अँध्यारो ? ठम्याउन गाह्रो पर्छ।

सामान्यतया हामी उज्यालोलाई सफलता ठान्छौं, अँध्यारोलाई असफलता। प्रकृतिको नियम भने अलि फरक छ। रातपछि बिहान आउँछ तर बिहान हुनुअघि रातले आफ्नो सम्पूर्ण अँध्यारो भोग्नुपर्छ। नदी समुद्रमा पुग्नुअघि कति ढुङ्गासँग ठोकिन्छ, कति घुम्ती पार गर्छ, कति गहिरा-अँध्यारा खोँचबाट बग्छ। नदीको वास्तविक कथा किनारमा बसेर देखिँदैन। मानिसको सफलताको चम्किलो अनुहारपछाडि पनि यस्तै अदृश्य अँध्याराहरू हुन्छन्। हामी जुन अँध्यारोमा उभिएका छौं, त्यसको गर्तभित्र उज्यालो आभा हुन सक्छ। बुझ्नुपर्छ- कतै देखिएको सानो दियो जीवनलाई अघि बढाउने पथप्रदर्शक पनि हुन सक्छ।

जीवन त एउटा लामो यात्राको पाण्डुलिपि हो, जहाँ आँसुका धर्सा, संघर्षका दाग, पराजयका खोच र विजयका हस्ताक्षर सबै सँगैसँगै हुन्छन्। त्यसैले मानिसको मूल्य उसको जीवनमा दाग छ कि छैन भन्ने कुराले होइन, त्यो दागले उसको चेतनामा कस्तो उज्यालो जन्मायो भन्ने कुराले निर्धारण गर्छ। अन्धकारमा चम्किने चन्द्रमामा पनि दाग देखिन्छ। पूर्णिमाको चन्द्रमा पनि पूर्ण रूपमा निर्दोष छैन। तर, त्यो दागले उसको सौन्दर्य घटाएको छैन। त्यो दाग त उसको पहिचान बनेको छ। चन्द्रमाको सतहमा ती खाल्डाखुल्डी नभएका भए मानिसले उसको अनुहारमा यति धेरै कथा पढ्न सक्थ्यो होला ?

महात्मा गान्धीको जीवनी पढ्दा आएको अपमानको सन्दर्भ सम्झन्छु। दक्षिण अफ्रिकाको यात्राका क्रममा उनीसँग प्रथम श्रेणीको वैध टिकट थियो। रेलको डिब्बामा प्रवेश गरेपछि एक गोरो यात्रुले अश्वेत यात्रुसँग यात्रा नगर्ने भन्दै रेलको सुरक्षाकर्मीलाई बोलायो। गान्धीले आफ्नो प्रथम श्रेणीको टिकट देखाउँदै अर्को डिब्बामा जान अस्वीकार गरे। अन्ततः उनलाई बलपूर्वक सामानसहित रेलबाटै निकालियो। त्यही अँध्यारो रातमा उनले भारत फर्केर रङ्गभेद तथा साम्राज्यवादी गोरा शासकविरुद्ध सत्याग्रहलगायतका अहिंसात्मक आन्दोलन गर्ने निणय गरे। यही हो अँध्यारोको आभा! अपमानले जन्माएको विद्रोहको झिल्को थियो त्यो निर्णय।

नेल्सन मन्डेला अँध्यारोमा बलेका अर्का प्रभावशाली दीप हुन्। अश्वेत भएकै कारण उनले विभेदकारी राज्यको कठोरता सहनुपर्‍यो, वर्षौं जेलका पर्खालभित्र बन्द हुनुपर्‍यो तर अँध्यारो कोठाले उनको दृष्टिको उज्यालो कैद गर्न सकेन। उनीहरूको शरीरको रङलाई संसारले कहिल्यै उज्यालोको प्रतीक मानेन तर उनीहरूको विचार, त्याग, साहस र मानवताले रङको अवधारणा नै उल्टाइदियो।

उज्यालो हुनु भनेको सेतो देखिनु होइन, अरूको अँध्यारो हटाउन आफूभित्रको दीप बलिरहनु हो। त्यसैले गान्धीको श्यामल शरीर र मन्डेलाको कालो वर्णलाई इतिहासले चेतनाको उज्यालो अनि अँध्यारोको आभा ठहर्‍यायो। आज हामी त्यो त्याग र सङ्घर्षशील ती अनुहारभित्र कालो रङ देख्दैनौं। उनीहरूको अनुहारमा सधैं प्रेरणाको आभा झल्किरहेको महसुस हुन्छ। इतिहास बदल्ने व्यक्तिहरूको यात्रा ‘तमसोमा ज्योतिर्गमय’ हुँदो रहेछ।

भनिन्छ- उज्यालोले बाटो देखाउँछ, अँध्यारोले बाटाको अर्थ सिकाउँछ।

# सुदूरपश्चिम मुख्यमन्त्रीमा खगराज : एमालेका चार मन्त्री नियुक्त

**दिलबहादुर छत्याल**

*धनगढी, साउन २९*

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सुदूरपश्चिम प्रदेशसभा संसदीय दलका नेता खगराज भट्ट सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री बनेका छन्। प्रदेश प्रमुख नजिर मियाँले शुक्रबार उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। प्रदेश प्रमुखले शुक्रबार नै मुख्यमन्त्री भट्टलाई पद तथा गोपनीयताको शपथ खुवाएका छन्। नेकपा एमाले र नेकपा समीकरणमा नयाँ सरकार बनेको हो। शपथ लिएपछि मुख्यमन्त्री भट्टले २७ लाख जनताको सपना पूरा गर्ने जिम्मेवारी काँधमा आएको उल्लेख गर्दै चमत्कार गर्न नसके पनि असल र इमानदार भएर काम गर्ने बताए। बजेटका राम्रा कुरा ग्रहण गरेर तुरुन्तै बजेट ल्याएर बजेट शून्यताको स्थिति अन्त्य गर्ने उनले बताए।

एमालेका चार मन्त्रीले शपथ लिए

सहमतिअनुसार एमालेले चार मन्त्रालय र नेकपाले तीन मन्त्रालय पाउने सहमति भएको छ। एमालेका तर्फबाट एमाले सुदूरपश्चिम प्रदेशसभा संसदीय दलका नेता सन्तोषीकुमारी शर्मा थापा सामाजिक विकासमन्त्री, चक्रबहादुर मल्ल आर्थिक मामिलामन्त्री, दमन भण्डारी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री र जानकी ऐर आर्थिक मामिला राज्यमन्त्री बनेकी छन्। उनीहरूले पनि शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिए।

यसअघि बिहीबार मुख्यमन्त्री कमलबहादुर शाहले दिएको राजीनामा प्रदेश प्रमुखले स्वीकृत गरेका थिए। राजीनामा स्वीकृत भएपछि प्रदेश प्रमुख मियाँले शुक्रबार बिहान ११ बजेसम्म मुख्यमन्त्री पेस गर्न आह्वान गरेका थिए। यसअघि नेपाली कांग्रेस र एमाले बिच गठबन्धन बजेटको विवाद उत्कर्षमा पुगेर टुटेको थियो। गत असार ३१ गते एमालेले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। गत साउन ९ गते एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहालबिच भएको सहमतिअनुसार सुदूरपश्चिम प्रदेश सरकार नेकपाको नेतृत्वमा बनेको हो।

**साढे तीन वर्षमा पाँचौं सरकार**

२०७९ मंसिर ४ गते भएको निर्वाचनबाट सुदूरपश्चिम प्रदेशसभामा कुनै पनि राजनीतिक दलले बहुमत ल्याउन नसकेको सुदूरपश्चिम प्रदेशमा साढे तीन वर्षमै पाँचौं सरकार बन्न पुगेको छ। यस प्रदेशमा कांग्रेस, माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी सहकार्य गरेर निर्वाचन क्षेत्र भाग लगाएर चुनाव लडेका थिए।

त्यतिबेलै निर्वाचनमा सहकार्य गरेका तीन दलको गठबन्धन सरकार बन्दा तत्कालीन माओवादी केन्द्रका सुदूरपश्चिम प्रदेश इन्चार्ज भट्ट मुख्यमन्त्री हुने सम्भावना थियो। तर केन्द्रमा पुरानो गठबन्धन बदलिँदा निर्वाचनपछि पहिलो मुख्यमन्त्री बन्ने सौभाग्य एमालेका संसदीय दलका नेता रावललाई जुरेको थियो।

मुख्यमन्त्री नियुक्त हुँदा समर्थन गरेको तत्कालीन नागरिक उन्मुक्ति पार्टीका सात सांसद विश्वासको मत दिन अनुपस्थित भएका कारण एक महिनामै उनको सरकार ढल्यो। २०७९ पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त रावलले माघ २६ गते राजीनामा दिएका थिए।

## कर्णाली प्रदेश

# मन्त्रालय भागबन्डा नमिल्दा १८ दिनदेखि मुख्यमन्त्री एक्लै

**नगेन्द्र उपाध्याय**

*सुर्खेत, साउन २९*

नेकपा एमालेको समर्थनमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका नेता मंगलबहादुर शाही कर्णाली प्रदेशको मुख्यमन्त्री नियुक्त भएको १८ दिन पुग्यो। यतिका दिनसम्म पनि उनले आफ्नो मन्त्रीमण्डल विस्तार गर्न सकेका छैनन्। सत्ता साझेदार दल एमाले र नेकपाबिच मन्त्रालयको संख्या र मन्त्रीको टुंगो नलाग्दा साउन १२ गते मुख्यमन्त्री नियुक्तिका लागि शाहीले मन्त्रीपरिषद् बैठक पनि राख्न सकेका छैनन्।

दुई दलबिच मन्त्रालयकै अहिलेसम्म टुंगो लागेको छैन्। मुख्यमन्त्री शाही भने भदौको पहिलो साताभित्र आफूले संसद्बाट विश्वासको मत पनि प्राप्त गर्ने र मन्त्रीमण्डलले पनि पूर्णता पाउने बताउँछन्। 'भदौको पहिलो साताभित्र सरकार गठन पनि हुन्छ, विश्वासको मत पनि लिन्छु', उनले भने, 'अहिले दुई दलबिच त्यसैको छलफल चलिरहेको छ।' मुख्यमन्त्री शाहीले विश्वासको मत प्राप्त गरिसकेपछि मन्त्रीमण्डल गठन गर्ने कि पहिले मन्त्रीमण्डल विस्तार गरेर विश्वासको मत प्राप्त गर्ने भन्ने विषयमा पनि दुई दलबिच छलफल भइरहेको बताए।

कर्णालीमा मुख्यमन्त्रीसहित आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय छन्। नेकपाका प्रमुख सचेतक कृष्णबहादुर जिसीले दुई दलबिच मन्त्रालय भागबन्डाकै टुंगो नलागेको बताए। सत्ता साझेदार दल एमालेले ६ मन्त्रालयमध्ये चार आफूले पाउनुपर्ने दाबी गर्दै आएको छ। नेकपाले तीन-तीन मन्त्रालय भागबन्डा हुनुपर्ने अडान राख्दै आएको छ।

'केन्द्रले प्रदेश सरकार गठन गर्दा प्रदेशसभामा रहेको सिट संख्या, मन्त्रालयको संख्या तथा सरकारको नेतृत्वलाई आधार बनाउने उल्लेख गरेको छ', उनले भने, 'हामी सोहीअनुसार मन्त्रालयको भागबन्डाको पक्षमा छौं।' यस्तै केन्द्रको परिपत्रअनुसार मुख्यमन्त्री तथा सभामुखको जिम्मेवारी पाएको दलको हिस्सालाई समेत समग्र शक्ति सन्तुलनभित्र समेट्ने उल्लेख छ। ४० सदस्यीय कर्णाली प्रदेशसभामा सरकारको नेतृत्व गरेको नेकपाका १४ सांसद छन् भने साझेदार दल एमालेका १० सांसद छन्। प्रदेशसभाको सभामुख एमालेबाट नन्दा गुरुङ छन्। केन्द्रमा भएको सहमतिअनुसार मन्त्रालय छनोटको क्रमसमेत निर्धारण गरिएको छ। सो सहमतिअनुसार कर्णालीमा मुख्यमन्त्रीको जिम्मेवारी दलले पहिलो मन्त्रालय लिन पाउने छ। कर्णालीमा मुख्यमन्त्रीपछि आर्थिक मामिला तथा योजना मन्त्रालय पर्छ। त्यसपछि दोस्रो मन्त्रालय मुख्यमन्त्रीको दलले रोज्न पाउने भनिएको छ। क्रमैसँग मन्त्रालयको टुंगो लगाउन एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहालले जारी गरेको परिपत्रमा उल्लेख छ।

कर्णालीमा भने मुख्यमन्त्री नियुक्त भएकै दिनको सहमति कार्यान्वयन हुनुपर्नेमा एमालेले अडान लिएको छ। 'सत्ताको नेतृत्व गरेको दल नेकपाले मुख्यमन्त्री र अन्य दुई मन्त्रालय र बाँकी चार मन्त्रालय साझेदार दल एमालेले पाउने सहमति भएको थियो', एमालेका एक सांसदले भने, 'सोहीअनुसार मन्त्रालयको भागबन्डा टुंगो लगाइनुपर्छ।' मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखसँग दाबी पेस गर्न जानुअघि नेकपाले नै आफूहरू मुख्यमन्त्रीसहित तीन मन्त्रालय लिने र सत्ता साझेदार दललाई चार मन्त्रालय दिने गरेर सहमति भएको ती सांसदले दाबी गरे।

# एसिया कपको ढोका खोल्ने लक्ष्य

**पृष्ठ १ बाट**

पछिल्ला समय कमजोर ब्याटिङ गर्दै आएको नेपाली टोलीको भारतमा प्रशिक्षणले सुधार हुने अपेक्षा गरिएको छ। अवे कन्डिसनमा भिज्न नेपाली टोलीलाई कठिन बन्दै आएको छ। त्यसको सुधार भारतमा हुने सन्दीपले पनि आशा गरेका छन्। नेपालको समूह 'ए'मा बहराइन, हङकङ, मलेसिया र साउदी अरेबिया छन्। अर्को समूह 'बी'मा कुवेत, ओमान, कतार, सिंगापुर र युएई छन्। आइसिसी विश्वकप लिग-२ का दुई टोली ओमान र युएईले नै प्रतिस्पर्धा गरेको प्रतियोगिताबाट च्याम्पियन भएर एसिया कप खेल्न नेपालका लागि सहज भने छैन। ओमान लिग-२ मा शीर्ष चारभित्र रहेको टोली हो। पुछारमा रहे पनि युएई कमजोर भने छैन।

नेपाल र युएईबिचको खेल सधैं प्रतिस्पर्धात्मक रहँदै आएको छ। लिग-२ को अन्तिम शृंखला नेपालले ओमानमा आगामी अक्टोबरमा खेल्दै छ। क्यानडा पनि सम्मिलित शृंखलाको चारै खेल जितेमा नेपालको लिग-२ मा चौथो स्थानमा रहेर विश्वकप छनोटसँगै एक दिवसीय मान्यता जोगिने सम्भावना पनि रहन्छ। त्यसैले प्रिमियर कपको प्रदर्शन नेपालका लागि लिग-२ तयारीसँगै टेस्ट राष्ट्र सम्मिलित एसिया कप खेल्ने अवसर पनि हुने छ। सन्दीपले उपाधि जित्नकै लागि जाने र ट्रफी ल्याउने आत्मविश्वास व्यक्त गरेका छन्। 'हरेक खेल जित्ने छौं। हाम्रो लक्ष्य उपाधि नै हो। त्यसलाई घर लिएर आउन हरप्रयास गर्छौं। नेपाल एसोसिएट टोलीमध्ये एक बलियो टोली हो भन्ने प्रमाणित गर्ने छौं,' सन्दीपले भने, 'त्यो छवि कायम राख्न मलेसियामा राम्रो गर्ने छौं।'

कप्तान सन्दीप लामिछानेले विगतका गल्ती तथा कमजोरीहरूलाई पहिचान गरेर आगामी दिनमा सुधार गर्दै अघि बढ्ने बताए। टोलीमा अनुभवी खेलाडी र युवाको उत्कृष्ट मिश्रण रहेकाले आगामी समय निकै रोमाञ्चक हुने उनको भनाइ छ। यही प्रतियोगिताका लागि क्यानले पनि टोलीमा केही परिवर्तन गरिसकेको छ। लिग-२ मा लगातर खराब प्रदर्शन गरेपछि कुशल भुर्तेल प्रिमियर कपका लागि टोलीमा परेनन्। उनीसँगै अनुभवी तीव्र गतिका बलर सोमपाल कामी पनि टोलीमा छैनन्। अर्का महत्त्वपूर्ण मध्यम गतिका बलर नन्दन यादव पनि टोलीमा समावेश भएनन्। उनी चोटका कारण बाहिर छन्। नन्दन भने पछिल्लो समय चोटका कारण टोलीबाट बाहिरिएका थिए।

उनले लिग-२ अन्तर्गत नामिबियाविरुद्ध एक खेल खेलेपछि चोट बोकेका थिए। उनीहरूको स्थानमा करण केसी र हेमन्त धामीलाई निरन्तरता दिएको छ। अनुभवी फास्ट बलर सोमपालले पछिल्लो नेदरल्यान्ड्स भ्रमणमा अपेक्षाअनुसार प्रदर्शन गर्न सकेनन्। उनले लिग-२ का तीन खेलमा दुई विकेट मात्र लिएका थिए। चौथो खेलमा भने उनलाई अन्तिम-११ बाट बाहिर राखिएको थियो। त्यसैले प्रिमियर कपका सोमपाल टोलीमा परेनन्। सन् २०२५ यता १७ एक दिवसीयमा पनि कुशलको ब्याटबाट अपेक्षाअनुसार प्रदर्शन हुन सकेको छैन। यस अवधिमा उनले एक शतक र एक अर्धशतक मात्र बनाउन सकेका छन्। सन् २०२६ मा घरेलु मैदानमा अमेरिकाविरुद्ध शतक प्रहार गरेका कुशलले त्यसबाहेक उल्लेख्य अर्धशतकीय इनिङ खेल्न सकेका छैनन्। उनको स्थानमा पछिल्लो समय राम्रो सम्भावना देखाएका युवा ब्याटरहरूलाई अवसर दिएको छ। प्रिमियर कपका लागि अर्जुन कुमाल, देव खनाल, सन्दीप जोरा र बसिर अहमदलगायत टोलीमा समावेश छन्। प्रिमियर कपका लागि अनुभवी खेलाडीको तुलनामा युवा खेलाडीलाई बढी अवसर दिइएको छ। ब्याटिङमा अर्जुन कुमाल, देव खनाल, सन्दीप जोरा र बसिर अहमदले अवसर पाएका छन्। टोलीमा रोहित र सन्दीपसँगै दीपेन्द्रसिंह ऐरी, बसिर, शेर मल्ल, हेमन्त, आसिफ शेख, देव, ईशान, ललितनारायण राजवंशी, सन्दीप जोरा, अर्जुन, गुलशनकुमार झा र करण छन्। ओपनिङ ब्याटिङसँगै अनुभवी बलिङमा परिवर्तन नेपाल र सन्दीपका लागि सहज हुने छैन।

विश्वकप लिग-२ का कमजोरीहरूलाई सुधार गर्न र नयाँ योजनाहरू खेलाडीहरूमा विकास गर्न भारतमा गहन अभ्यास गरिने नेपाली टोलीका मुख्य प्रशिक्षक स्टुअर्ट लको विश्वास छ। मलेसियाको पिच कम गति र स्पिनरलाई मद्दत पुग्ने खालको रहेकाले नेपाली टोलीको स्पिनलाई थप फाइदा पुग्ने उनी बताउँछन्।


## नेको इन्सुरेन्स लि.
## NECO INSURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE

Beema Bhawan, Gyaneshwor, Kathmandu, Nepal
Phone: 01-4542263, Fax: 01-4529162
P.O.B. No.: 12271
www.neco.com.np
info@neco.com.np

### Quarterly Financial Results for 4th Quarter, F.Y. 2082/83 B.S.

**CONDENSED STATEMENT OF FINANCIAL POSITION**

*Fig in NPR.*

| Particulars | At the end of this Quarter Unaudited | At the end of Immediate Previous Year Audited |
|---|---|---|
| **Assets:** | | |
| Goodwill & Intangible Assets | 3,486,154 | 3,771,392 |
| Property and Equipment | 673,495,350 | 656,491,267 |
| Investment Properties | 58,150,329 | 61,210,872 |
| Deferred Tax Assets | 30,670,326 | - |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 6,199,164,851 | 6,911,528,923 |
| Loans | - | - |
| Reinsurance Assets | 2,740,055,722 | 1,873,435,994 |
| Current Tax Assets | 83,459,633 | 83,260,510 |
| Insurance Receivables | 287,615,679 | 197,940,719 |
| Other Assets | 317,045,754 | 251,324,251 |
| Other Financial Assets | 189,580,770 | 131,892,411 |
| Cash and Cash Equivalent | 1,575,345,264 | 863,239,801 |
| **Total Assets** | **12,158,069,832** | **11,034,096,142** |
| **Equity:** | | |
| Share Capital | 2,772,278,300 | 2,515,450,774 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | 31,034,684 | 111,780,654 |
| Special Reserve | 2,457,817,862 | 2,313,656,924 |
| Catastrophe Reserves | 181,588,303 | 167,172,209 |
| Retained Earnings | 365,027,790 | 767,745,475 |
| Other Equity | 466,873,023 | 434,267,266 |
| **Total Equity** | **6,274,619,962** | **6,310,073,302** |
| Liabilities: | | |
| Provisions | 38,342,561 | 33,090,431 |
| Gross Insurance Contract Liabilities | 4,857,234,481 | 3,539,178,399 |
| Deferred Tax Assets/(Liabilities) | - | 8,520,023 |
| Insurance Payables | 531,388,420 | 529,849,742 |
| Current Tax Assets/(Liabilities) | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 284,547,323 | 370,458,269 |
| Other Financial Liabilities | 171,937,086 | 242,925,977 |
| **Total Liabilities** | **5,883,449,870** | **4,724,022,840** |
| **Total Equity and Liabilities** | **12,158,069,832** | **11,034,096,142** |

**CONDENSED STATEMENT OF PROFIT OR LOSS**

*Fig in NPR.*

| Particulars | Current Year (Unaudited) | | Corresponding Previous Year (Audited) | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Income:** | | | | |
| Gross Earned Premiums | 1,172,819,218 | 3,298,733,728 | 1,125,501,072 | 3,447,424,531 |
| Premiums Ceded | 459,277,934 | 1,358,093,559 | 633,850,886 | 1,546,709,736 |
| **Net Earned Premiums** | **713,541,284** | **1,940,640,169** | **491,650,186** | **1,900,714,795** |
| Commission Income | 68,366,822 | 353,748,633 | 134,040,558 | 412,083,997 |
| Other Direct Income | 13,870,957 | 28,005,672 | 4,573,918 | 25,459,702 |
| Income from Investments and Loans | 40,518,351 | 184,821,990 | 52,582,922 | 286,493,642 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - | - | - |
| Net Realised Gains/(Losses) | 1,533,062 | 25,109,363 | 21,101,759 | 57,234,503 |
| Other Income | 6,205,390 | 18,734,354 | 13,365,133 | 16,825,180 |
| **Total Income** | **844,035,865** | **2,551,060,181** | **717,314,475** | **2,698,811,818** |
| **Expenses:** | - | - | - | - |
| Gross Claims Paid | 557,404,530 | 1,890,224,457 | 613,562,857 | 1,671,472,494 |
| Claims Ceded | 167,845,731 | 779,821,067 | 425,349,861 | 747,037,040 |
| Gross Change in Contract Liabilities | (32,603,392) | 961,919,458 | 60,077,208 | 289,542,758 |
| Change in Contract Liabities Ceded to Reinsurers | (34,587,053) | 777,773,519 | 101,656,127 | 221,380,342 |
| **Net Claims Incurred** | **391,542,459** | **1,294,549,329** | **146,634,077** | **992,597,870** |
| Commission Expenses | 8,578,929 | 59,855,516 | 23,816,914 | 59,762,316 |
| Service Fees | 4,214,854 | 16,832,363 | 1,525,252 | 13,894,811 |
| Other Direct expenses | 1,185,237 | 2,768,443 | 613,604 | 4,247,259 |
| Employee Benefits Expenses | 170,208,107 | 498,083,757 | 153,771,870 | 482,047,659 |
| Depreciation and Amortization Expenses | 38,268,365 | 71,292,723 | 38,981,111 | 74,490,175 |
| Impairment Losses | - | - | - | 22,818,551 |
| Other Operating Expenses | 29,243,535 | 181,033,375 | 46,076,740 | 188,318,707 |
| Finance Cost | 14,756,281 | 14,756,281 | 11,378,314 | 9,414,476 |
| **Total Expenses** | **657,997,767** | **2,139,171,787** | **422,797,882** | **1,847,591,824** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **186,038,098** | **411,888,394** | **294,516,593** | **851,219,994** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - | - | - |
| **Profit Before Tax** | **186,038,098** | **411,888,394** | **294,516,593** | **851,219,994** |
| Income Tax Expenses | 61,672,394 | 123,566,518 | 113,018,841 | 272,374,910 |
| **Net Profit/(Loss) For The Year** | **124,365,705** | **288,321,876** | **181,497,752** | **578,845,084** |
| Earning Per Share Annuaized | | | | |
| Basic EPS | | 10.40 | | 23.01 |
| Diluted EPS | | 10.40 | | 23.01 |

**CONDENSED STATEMENT OF OTHER COMPREHENSIVE INCOME**

*Fig in NPR.*

| Particulars | Current Year (Unaudited) | | Corresponding Previous Year (Audited) | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Net Profit/(Loss) For The Year | 124,365,705 | 288,321,876 | 181,497,752 | 578,845,084 |
| Other Comprehensive Income | 12,494,980 | (11,045,779) | (99,506,983) | 139,111,347 |
| **Total Comprehensive Income** | **136,860,686** | **277,276,097** | **81,990,769** | **717,956,431** |

**Quarterly Financial Results for 4th Quarter, F.Y. 2082/83 B.S.**

| Particulars | Current Year Upto this Quarter (YTD) (Unaudited) | Previous Year Upto this Quarter (YTD) (Audited) |
|---|---|---|
| 1. Total Issued Policy Count | 305,983 | 291,897 |
| 2. Total Renewed Policy Count | 102,150 | 95,418 |
| 3. Total Claims Paid Count | 11,485 | 10,903 |
| 4. Outstanding Claims Count (including Covid Claims) | 10,906 | 9,672 |
| 5. Gross Outstanding Claim Including IBNR and IBNER | 2,932,454,437 | 1,918,309,829 |
| 6. Net Outstanding Claim Including IBNR and IBNER | 923,809,579 | 687,438,491 |
| 7. Margin over Best Estimate (MoBE) | 86,704,650 | 86,704,650 |
| 8. Unearned Premium Reserve | 1,103,965,292 | 835,952,970 |
| 9. Unexpired Risk Reserve | - | - |
| 10. Earthquake Premium Reserve | 88,198,047 | 53,718,547 |
| 11. Long Term Investments | 1,281,949,924 | 1,080,013,068 |
| 12. Short Term Investment | 4,544,543,289 | 5,726,677,244 |
| 13. Direct Premium | 3,654,432,453 | 3,281,885,911 |
| 14. Investment in Cost | 5,826,493,213 | 6,531,086,808 |
| 15. Solvency Margin Ratio | 5.06 | 5.06 |

**Note:**

1. The detailed Interim Financial Report has been published in the company's website www.neco.com.np
2. Figures presented above are unaudited figures and might be changed after acturial report/statutory audit.
3. Above Financials are prepared as per Nepal Financial Reporting Standards (NFRS).
4. The above figures are regrouped and rearranged whenever necessary.

**Disclosures as per section 84(3) of Insurance Act, 2079**

1. **Solvency Ratio:** The solvency ratio of the company is 5.06 as per the acturial valuation report of FY 2081-82.
2. **Reinsurance related Disclosure:** The company has various reinsurance arrangements with national and international reinsurance companies in order to mitigate its risk exposure as per the need of the company.
3. **Details regarding legal proceedings:** There are no legal proceedings against the company arising from activities other than normal business operations.
4. **Regulatory limit on expense ratio:** The expense ratio of the company is within the prescribed limit by Nepal Insurance Authority.
5. **Corporate Governance:** The company has complied with the corporate governance directive issued by Nepal Insurance Authority. Company has a separate corporate governance unit and has established various mechanism and procedures to comply with Insurane Acts & Regulations, Directives & Circulars issued by Nepal Insurance Authority and all the relavant laws and regulation. The Board and management of the company is committed in upholding the best governance within the company.

**Additional Disclosures as per Securities Registration and Issuance Regulation-2073 (Sub Rule (1) of Rule 26, Annex (14)**

**1. Financial Statements:**

a) The statement of financial position and statement of Profit and Loss (Unaudited) has been published along with this report as per the Nepal Financial Reporting Standards (NFRS)

b) **Major Financial Indicators:**

| | |
|---|---|
| Earning per Share Annualized (EPS) | 10.40 |
| Price Earning Ratio (P/E) | 58.65 |
| Net Worth per Share | 226.33 |
| Total Assets per Share | 438.56 |

**2. Management Analysis:**

The company during the Year has written gross premium of 365.49 crores which is 11.36 % higher than the Gross Premium written in comparison to corresponding period of previous year. The company is aiming for higher business growth in upcoming period and formulating strategies to achieve so in a sustainable and organic manner. The Company paid total claims of 189.02 crores during the period. The company has utilized diversified investment portfolio & total investments of the company is 619.92 Crores (Fair Value) till the end of Fourth Quarter of current Fiscal Year.

**3. Details of Legal Proceedings:**

There are no legal proceedings by or against the company, board of directors and management of the company apart from those arising from activities other than normal business operations.

**4. Analysis of share transaction and progress of the company:**

a) Mangement View on share transaction of the company at securities market: The management of the company has neutral view on the share price and transaction as it is determined at Nepal Stock Exchange through open share market operations.

b) Maximum, Minimum, Closing price, Total Traded days and Total Share transactions during the period:

| | | | |
|---|---|---|---|
| Last Price | 610 | Total Trade Days | 64 |
| Highest Price | 682 | Total Trades | 3,567 |
| Lowest Price | 577 | Total Traded Shares | 392,292 |

**5. Problems and Challenges:**

Effect of change in interest rate on deposit, high inflation, reduced economic activities and lack of awareness among people about the need and importance of insurance are some of the major problems of insurance industry today. Also the recruitment and retention of quality human resources, highly competitive market, changing regulatory frameworks, political instability, slowdown in economy etc. are other problems and challenges faced by the companies.

**6. Corporate Governance:**

The board of directors of the company and management is committed to follow good governance and ensure full compliance with all the applicable laws and regulations and directives and guidelines issued by Nepal Insurance Authority. The company has formed Audit committee, Risk Management committee and various departments as per the corporate governance directive of Nepal Insurance Authority for establishing good control system in the company. The company holds its external and internal audit timely and both the the internal and external audit is carried out by the independent audit firms of Chartered Accountants.

**7. Declaration by CEO**

I hereby declare that the particulars,data & information mentioned in this report, to the best of my knowledge, are true, fair and complete. I have not knowingly concealed any material particulars & information to misguide the investors. I personally take the responsibility on the truthfulness of data, information and particulars disclosed in this report.

# फलबाङ पहिरोमा चारको मृत्यु

दिनेश सुवेदी

*रोल्पा, साउन २९*

रोल्पाको सुनछहरी गाउँपालिका-२ फलबाङमा बिहीबार राति पहिरोमा पुरिएका चारै जनाको शव भेटिएको छ। सुनछहरी-२ फलबाङका ७७ वर्षीय बिरु (वीरबहादुर) घर्ती मगर, ६८ वर्षीया शनी घर्ती मगर, ७० वर्षीया लली घर्ती मगर र सुनछहरी-२ गिट्ठेकी ६४ वर्षीया लामी घर्ती मगर पहिरोमा पुरिएका थिए।

रोल्पा प्रहरीका अनुसार बिहीबार राति अविरल वर्षाका कारण फलबाङका ७७ वर्षीय वीरबहादुर र गिट्ठेकी ६४ वर्षीया लामी घर्ती मगरको घरमाथिबाट आएको पहिरोमा पुरिएका थिए।

मृतक बिरु र शनि पतिपत्नी हुन् भने लली छिमेकी आफन्त हुन्। राति पहिरोले घर पुरेको खबर प्रहरीले बिहान अबेला जानकारी पाएको थियो। जिल्लाकै थवाङ-५ कोटलबारामा बुधबार रातिको पहिरोका कारण १० जनाको मृत्यु भएको थियो। उक्त पहिरोमा परेका थप तीन जना भने अझै फेला परेका छैनन्। उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

# मोदी खोलामा बाढी : सडक सम्पर्क विच्छेद

सन्तोष पोखरेल

*पोखरा, साउन २९*

मोदी खोलामा बिहीबार मध्यरातमा आएको बाढीले कास्कीको अन्नपूर्ण गाउँपालिका क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ। बाढीले अन्नपूर्ण गाउँपालिका-८ वीरेठाँटीको बजार जोखिममा परेको छ। बाढीले मन्दिर र सडक बगाएको छ। कटानबाट जोखिममा परेका परिवार विस्थापित भएका छन्।

मोदी खोलाको कटानले वीरेठाँटी बजार कटानसँगै अन्नपूर्ण आधार शिविर पुग्ने सडक सम्पर्क विच्छेद भएको छ। अन्नपूर्ण क्षेत्रका घान्द्रुक, घोरेपानी, छोमरोङ हुँदै अन्नपूर्ण आधारशिविर (एबिसी) सम्मको सडक सम्पर्क विच्छेद भएको स्थानीयले बताए।

अन्नपूर्ण गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङका अनुसार सडक कटान भएसँगै वीरेठाँटी-घान्द्रुक सडक पुरै विच्छेद भएको छ। यो सडक भएर एबिसीसम्मको पदयात्रा हुन्छ। अन्नपूर्ण गाउँपालिकाका ८,९, १० र ११ वडासँगको यातायात सम्पर्क पनि टुटेको छ। बाढी कटानले वीरेठाँटीको सिंगो बस्ती नै जोखिममा परेको उनले बताए।

'मोदी खोलामा ७ र ८ नम्बर वडालाई जोडने पुल छ। पुलको ८ नम्बर वडातर्फको जगक्षेत्र कटान भएको छ। वीरेठाँटीमा मात्र एक सय मिटर सडकखण्ड खोलाले काटेको छ,' प्रवक्ता गुरुङले भने, 'कडा चट्टान भएको ७ नम्बर वडातर्फको बस्ती र पुलको जग सुरक्षित छ।' उनका अनुसार जोखिममा रहेका तीनवटा घरका सदस्य आफन्तकहाँ गएर बसेका छन्। 'खोलामा वहाव बढ्यो भने थप कटान हुन सक्छ। थप कटान भए अझै १५ घर जोखिममा पर्न सक्छन,' उनले भने। उनका अनुसार वीरेठाँटी-घान्द्रुक सडकको तीनठाउँमा पहिरोले क्षति गरेको छ। सबैभन्दा बढी क्षति वीरेठाँटी, चीमरोङ र स्याउलीबजारमा भएको छ। तीनठाउँमा गरेर झन्डै पाँच सय मिटर सडक मोदीमा मिसिएको उनले बताए।

तत्काल सडक खुलाउन सकिने अवस्था नरहेको उनले बताए। सडक बन्द हुँदा अन्नपूर्ण आधारशिविरसम्मको पदयात्रा प्रभावित हुन्छ।

अन्नपूर्ण-७ का अध्यक्ष समेत रहेका गुरुङका अनुसार छोमरोङ खोलामा गएको पहिरो मोदीमा मिसिएपछि मोदीमा बाढी आएको हो।


Shikhar Insurance
Happysurance

## SHIKHAR INSURANCE COMPANY LIMITED

(Shikhar Biz Centre, Thapathali, Kathmandu, Tel: 5346101, Website: shikharinsurance.com)

**Quarterly Financial Statements for the quarter ended 32 Asadh 2083, F.Y. 2082/83 B.S**

### CONDENSED STATEMENT OF FINANCIAL POSITION

| Particulars | At the end of this Quarter (Unaudited) | At the end of Immediate Previous Year(Audited) |
|---|---|---|
| **Assets:** | | |
| Goodwill & Intangible Assets | 10,411,807 | 11,865,631 |
| Property and Equipment | 748,438,611 | 763,662,715 |
| Investment Properties | 74,840,339 | 76,377,810 |
| Deferred Tax Assets | 47,560,725 | 57,008,490 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | 241,177,681 | 241,177,681 |
| Investments | 4,761,841,281 | 4,662,543,291 |
| Loans | - | - |
| Reinsurance Assets | 6,204,617,794 | 4,581,613,373 |
| Current Tax Assets | 109,684,477 | 77,864,897 |
| Insurance Receivables | 1,009,600,843 | 1,098,365,462 |
| Other Assets | 1,097,998,581 | 489,499,366 |
| Other Financial Assets | 878,419,520 | 778,906,439 |
| Cash and Cash Equivalent | 73,282,527 | 125,837,432 |
| **Total Assets** | **15,257,874,185** | **12,964,722,586** |
| **Equity:** | | |
| Share Capital | 3,101,567,800 | 2,923,099,000 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Special Reserves | 1,982,696,151 | 1,917,651,589 |
| Catastrophe Reserves | 167,658,250 | 161,153,794 |
| Retained Earnings | 79,866,553 | 210,489,233 |
| Other Equity | 621,666,632 | 598,320,956 |
| **Total Equity** | **5,953,455,386** | **5,810,714,572** |
| **Liabilities:** | | |
| Provisions | 101,061,151 | 173,969,935 |
| Gross Insurance Contract Liabilities | 7,947,300,075 | 5,951,509,816 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | 313,832,740 | 7,797,944 |
| Current Tax Liabilities | - | - |
| Borrowings | 345,000,000 | 96,201,486 |
| Other Liabilities | 442,789,999 | 402,064,321 |
| Other Financial Liabilities | 154,434,834 | 522,464,512 |
| **Total Liabilities** | **9,304,418,799** | **7,154,008,014** |
| **Total Equity and Liabilities** | **15,257,874,185** | **12,964,722,586** |

### CONDENSED STATEMENT OF PROFIT OR LOSS

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| **Income:** | | | | |
| Gross Earned Premiums | 2,194,055,758 | 6,211,288,920 | 1,896,041,960 | 5,629,900,221 |
| Premiums Ceded | (1,546,382,139) | (4,256,208,646) | (1,337,262,699) | (3,862,792,064) |
| **Net Earned Premiums** | **647,673,619** | **1,955,080,274** | **558,779,261** | **1,767,108,157** |
| Commission Income | 289,778,879 | 756,646,508 | 259,222,055 | 659,375,996 |
| Other Direct Income | 24,499,602 | 24,499,602 | 36,809,349 | 36,809,349 |
| Income from Investments and Loans | 33,919,820 | 186,316,335 | 44,572,890 | 254,491,076 |
| Net Gain/(Loss) on Fair Value Changes | - | - | - | - |
| Net Realised Gains/(Losses) | (1,011,098) | (2,022,948) | 8,326,665 | 24,030,328 |
| Other Income | 16,035,716 | 34,932,139 | (16,150,074) | 8,928,907 |
| **Total Income** | **1,010,896,538** | **2,955,451,910** | **891,560,146** | **2,750,743,813** |
| **Expenses:** | | | | - |
| Gross Claims Paid | 1,258,272,695 | 3,975,788,950 | 979,985,977 | 3,027,905,632 |
| Claims Ceded | (743,424,097) | (2,573,912,542) | (715,808,446) | (2,051,741,094) |
| Gross Change in Contract Liabilities | 31,014,322 | 1,695,824,903 | (384,102,876) | 496,869,107 |
| Change in Contract Liabities Ceded to Reinsurers | (94,274,875) | (1,508,693,691) | 426,176,678 | (451,715,900) |
| **Net Claims Incurred** | **451,588,045** | **1,589,007,620** | **306,251,333** | **1,021,317,745** |
| Commission Expenses | 19,555,146 | 60,742,628 | 35,799,848 | 72,996,826 |
| Service Fees | 3,178,071.03 | 16,055,512 | 2,203,493 | 14,592,405 |
| Other Direct expenses | 17,503,641,24 | 17,503,641 | 22,188,480 | 22,188,480 |
| Employee Benefits Expenses | 197,821,622 | 623,175,232 | 223,129,777 | 614,983,248 |
| Depreciation and Amortization Expenses | 26,997,913 | 68,817,736 | 10,969,607 | 52,583,030 |
| Impairment Losses | 1,818,218 | 1,818,218 | - | - |
| Other Operating Expenses | 194,738,609 | 361,857,662 | 115,853,545 | 270,058,076 |
| Finance Cost | 14,353,802 | 39,079,402 | 2,648,822 | 19,588,102 |
| **Total Expenses** | **927,555,068** | **2,778,057,651** | **719,044,905** | **2,088,307,912** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **83,341,470** | **177,394,259** | **172,515,241** | **662,435,901** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - | 566,442 | 566,442 |
| **Profit Before Tax** | **83,341,470** | **177,394,259** | **173,081,683** | **663,002,343** |
| Income Tax Expenses | (23,827,955) | (47,305,136) | (78,125,457) | (210,991,707) |
| **Net Profit/(Loss) For The Year** | **59,513,515** | **130,089,123** | **94,956,226** | **452,010,636** |
| **Earning Per Share** | | | | |
| Basic EPS | | 4.19 | | 15.5 |
| Diluted EPS | | 4.19 | | 15.5 |

### CONDENSED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Net Profit/(Loss) For The Year | **59,513,515** | **130,089,123** | **94,956,226** | 452,010,636 |
| Other Comprehensive Income | 13,345,301 | 22,044,785 | 6,562,923 | 16,623,511 |
